महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

सबैला नगरपालिका
धनुषा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्या- २०७८/७९
च.नं.- १४२

मिति- २०७८/५/४

श्री नगर प्रमुखज्यू,
सबैला नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
धनुषा।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यालयको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ को प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्नसक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरेको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्याः २०७८/७९

च.नं.: १४१

मितिः २०७८/५/४

श्री प्रमूखज्यू,
सबैला नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
धनुषा ।

विषय - लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले सबैला नगरपालिका, धनुषाको आर्थिक वर्ष २०७६/७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिवरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८/१/२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन आएन। अन्तिम प्रतिवेदन पाना एकतीस (३१) यसैसाथ संलग्न छ।

३. लेखापरीक्षणबाट रु.२८ करोड २७ लाख २९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४६ लाख ७७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१८ करोड ३ लाख ६२ हजार नियमित गर्नुपर्ने रु.३ करोड २८ लाख ९३ हजार र पेश्की बाँकी रु.६ करोड ४७ लाख ९६ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय नेपाल २०७६

वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यकारिणि, प्रमूख र प्रमूख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

सबैला नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

- **परिचयः-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, ३०.६६ वर्ग किलोमिटर क्षेत्रफल तथा २८,२५१ जनसंख्या रहेको छ ।

- **संवैधानिक र कानूनी व्यवस्थाः-** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ ।सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दै आएको छ ।

- **आर्थिक कारोवारको स्थितीः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष २०७६/७७ को एकीकृत आय-व्यय हिसावको संक्षिप्त अवस्था देहाय बमोजिम रहेको छः-

आय तर्फ				व्यय तर्फ			
सि.नं.	विवरण	रकम	जम्मा रकम	सि.नं.	विवरण	रकम	जम्मा रकम
१	**गत वर्षको जिम्मेवारी**		१८२६७२०४८.९८	१	**चालु खर्च**		५६५३१७२२
	क) नगद				क) संघीय वित्तीय सामानिकरण	७८०५७९०	
	ख) बैंक (अनुसुची-१ अनुसार)	१७३९२६३१३.९८			ख) प्रदेश वित्तीय समानिकरण		
	कर्मचारी कल्याण कोष खाताक	१०००००.००			ग) राजश्व बाँडफाँड संघीय सरकार	४४५४०७८०	
	आन्तरिक स्रोत तथा विविध आम्दानी खाता				ग) राजश्व बाँडफाँड प्रदेश	०	
	दैवि प्रकोप व्यवस्थापन कोष	१५००००.००			३) आन्तरिक श्रोत	४१८५१५२	
	ग) धरौटी बैंक	७५९५७३५.००		२	**पूंजीगत खर्च**		५७३९६९६५
२	**संघीय वित्तीय हस्तान्तरण**		३६०१९३०००		क) संघीय वितिय सामानिकरण	११२८७८०२	
	क) वित्तीय समानिकरण अनुदान	१४७७०००००			ख) प्रदेश वित्तिय समानिकरण	७५८९०००	
	ख) सशर्त अनुदान	२१२४९३०००			ग) राजश्व बाँडफाँड संघीय सरकार	३०३५६४४	
	ग) विषेश अनुदान				३) आन्तरिक श्रोत	३५४८४५१९	
३	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		१५०८९०००				
	क) वित्तीय समानिकरण अनुदान	७५८९०००		३	**सशर्त अनुदान खर्च**		१४४७३९२१२.२
	ख) सशर्त अनुदान	७५०००००			क) संघीय सर्शत अनुदान	१३८४६८७९९.२	
	ग) विषेश अनुदान				ख) प्रदेश सर्शत अनुदान	६२७०४१३	
	३) समपुरक अनुदान				ग) प्रदेश समपुरक अनुदान		
४	**विषयगत निकासा रकम**		१४०९४४३८८		३) प्रदेश विषेश अनुदान		
	क) सामाजिक सुरक्षा	१२१९२००००		४	**विषयगत निकायको खर्च**		१४०९४४३८८
	ख) स्थानीय पूर्वाधार	१४९९९७०४			क) सामाजिक सुरक्षा	१२१९२००००	
	ग) तराई मधेश समृढि कार्यक्रम	०			ख) स्थानीय पूर्वाधार	१४९९९७०४	
	३) एककृित बाल स्वास्थ्य तथा पोषण कार्यक्रम(यू.)	२६००००			ग) तराई मधेश समृद्धि कार्यक्रम		
	ञ्) वहुक्षेत्रीय पोषण	३७६०००			३) मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम		
	च) पर्यटन बोर्ड				ञ्) वहुक्षेत्रीय पोषण	३७६०००	
	५) प्रधानमन्त्री रोजगार				च) एककृित बाल स्वास्थ्य तथा पोषण कार्यक्रम(यू.)	२६००००	
	ज) झोलुंगे पुल क्षेत्रगत कार्यक्रम				झ) संचित विदा	१२९४५८९	
	झ) संचित विदा	१२९४५८९			ञा) औषधी उपचार	१२४६७३४	
	ञा) औषधी उपचार	१२४६७३४			६) राष्ट्रय परिचयपत्र तथा पञ्जीकरण विभाग	८४७३६१	
	६) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग	८४७३६१			७) किशोरी शिक्षा कार्याक्रम		
	७) किशोरी शिक्षा कार्याक्रम			५	**को.ले.नि.का - प्र.ले.नि.का फिर्ता**		१६८९९३२४

५	**आन्तरिक आय**		**९२४१०३७६.७२**		क) संघीय सशर्त अनुदान	१६८९९३२४	
	क) आन्तरिक आय	३९६६९६७१.००			ख) प्रदेश सशर्त अनुदान		
	ख) राजस्व बाँडफाँड (संघिय सरकार)	४७५७६४२४			ग) विद्यालयलाइ भुक्तानी		
	ग) राजस्व बाँडफाँड (प्रदेश सरकार)	१७९८७५०			३ सामाजिक सुरक्षा रकम फिर्ता		
	३) श्रोत नखुलेको आय	३३६५५३१.७२		६	**राजश्व दाखिला**		
७	**राजश्व आम्दानी**			७	**धरौटी फिर्ता**	३६२६११४	**३६२६११४**
६	**धरौटी प्राप्ती**	५१९५२००	**५१९५२००**	८	**वित्तीय व्यवस्था भुक्तानी**		
७	**अन्तर स्थानीय तहबाट प्राप्त**			९	**अन्तर स्थानीय तहको रकम खर्च**		
८	**वित्तीय व्यवस्था प्राप्ती**			१०	**विभिन्न कोष खर्च**		**१९७०९४९१**
९	**विभिन्न कोष आम्दानी**		**१७९२५५१८**		क) कर्मचारी कल्याण कोष	२१०००००	
	क) कर्मचारी कल्याण कोष				ख) मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम	५००००	
	ख) मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम	५००००			ग) सडक बोर्ड नेपाल	२२७५५१८	
	ग) सडक बोर्ड नेपाल	२२७५५१८			३) कोरोना भाइरस संक्रमण प्रभावित मजदुर, श्रमिक, गरीब तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण प्रदेश सरकार	१५०००००	
	३) कोरोना भाइरस राहत वितरण (प्रदेश सरकारबाट प्राप्त)	१५०००००			ङ) विपद व्यवस्थापन कोष स्थापना तथा संचालन नगरपालिका	१३७८३९७३	
	ङ) विपद व्यवस्थापन कोष स्थापना तथा संचालन नगरपालिका	१४१०००००		११	मौज्दात बाँकी		**३७४५८२३१५.५०**
					बैंक बाँकी	३६३५३०२३५.५	
					धरौटी बाँकी	११०५२०८०	
					कोषको मौज्दात बांकी	०	
क	**स्रेस्ता अनुसार जम्मा आम्दानी**	८१४४२९५३१.७०	८१४४२९५३१.७०	**ख**	**स्रेस्ता अनुसार जम्मा खर्च**	८१४४२९५३१.७	८१४४२९५३१.७

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
१.	**वित्तीय कारोवार तर्फ देखिएका व्यहोरा यस प्रकार छन्ः-**	
१.१.	कार्यालयले आर्थिक कारोवार संचालन गर्दा सूत्रको प्रयोग गरी आफ्नो कार्यालयबाट संचालन भएको सम्पूर्ण आर्थिक कारोवार (सामाजिक सुरक्षा भत्ता, पूर्वाधार विकास कार्यक्रम, पंजिकरण कार्यक्रम, बहुक्षेत्रिय पोषण कार्यक्रम आदी) सूत्रमा प्राविष्टि गरी सो अनुसार म.ले.प.फा.नं २७२,२७५ र २७२ को सहायक अनूसूची-१ देखी २३ सम्म तयार गरी वित्तीय विवरण तयार गर्नुपर्नेमा सो अनुसार सबै कारोवार सुत्रमा समावेश नगरेको, गरेपनि अनुसूचि १ देखी २३ सम्म बैक समायोजन विवरण लगायतका अनुसूची तयार नगरेको आदि कारणबाट सूत्रको पूर्ण पालना हुन नसकेको देखिएन । सूत्रको सहायताबाट तयार भएको वित्तीय विवरणले सबै कारोवार समेटी पालिकाको सवै कारोवार चित्रण गर्न नसकेको कारण कार्यालयले तयार गरी पेश गरेको एकीकृत आय-व्यय विवरणको आधारमा लेखापरीक्षण गरिएको छ ।	
१.२.	पालिकाले पेश गरेको वित्तीय विवरणले सहि र यथार्थ स्थिति चित्रण गर्नु पर्दछ । पालिकाले तयार गरी पेश गरेको एकिकृत आय व्यय विवरणमा साविक जिम्मेवारी र यो वर्षको आय वरावर खर्च र बाँकी देखिनु पर्दछ । प्रस्तुत आय-व्यय विवरणमा साविक जिम्मेवारी र यो वर्ष प्राप्त रकममा खर्च घटाउदा हुने बैंक बाँकी वराबर देखिनु पर्नेमा रु. ३३६५५३१.७२ बैंक बढी देखिएको छ । सो रकम कार्यालयले श्रोत नखुलेको आय भनी कायम गरेको देखियो । यसबाट प्रस्तुत आय-व्यय विवरणले यथार्थ कारोबारको चित्रण गर्ने देखिएन । पालिकाले शुत्र सफ्टवेयरको प्रयोग पूर्ण रुपमा कार्यान्वयनमा ल्याएको छैन । जसबाट सुत्रले दिने अम्दानी खर्च र बाँकीको विवरण पनि यथार्थ परक देखिदैन । कार्यालयले कतिपय भौचरको कारोबार फरक पर्न गएको कारण रिभर्स भौचर उठाउदा खर्चमा घटाउने गरेतापनि कतिपय रीभर्स भौचर समेत खर्चमा समावेश गर्ने गरेको कारण बैंक नगदी किताबले देखाउने खर्च र आर्थिक विवरणले देखाउने खर्च समेत फरक पर्ने गरेको छ । कार्यालयले श्रोत अनुसार प्राप्त हुने सबै रकम सबै संचित कोषमा आम्दानी गर्ने र खर्च गर्दा चालु र पूजीगतमा एकमुष्ट रुपमा खर्च गर्ने गरेबाट बैंक नगदी किताब र श्रोत अनुसारको आर्थिक विवरण अलग अलग भिडान गर्न सकिने अवस्था देखिएन। अतः बैंकमा बढी देखिएको रकम समेत श्रेष्तामा आम्दानी बाँधी हिसाब मिलान गर्नु पर्दछ ।	
१.३.	आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९६ मा व्यवस्था भए अनुसार प्रत्येक स्थानीय तहले आन्तरिक लेखापरीक्षक नियुक्त गरी सोबाट वा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरी सबै आर्थिक कारोवारको प्रत्येक चौमासिकमा आन्तरिक लेखापरीक्षण गरी गराई आन्तरिक नियन्त्रणलाई व्यवस्थित गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरीक लेखापरीक्षण नियूक्त गरी अन्तरीक लेखापरीक्षकण गराएको छैन । आन्तरीक लेखापरीक्षक नियुक्त गरी चौमासिक रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गर्ने र सुधार नभएका व्यहोराग सहित वार्षिक प्रतिवेदन दिने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।	
१.४.	पालिकाले २०७७ आषाढ मसान्तमा श्रेस्ताले बाँकी देखाएको रकम र बैंकले बाँकी देखाएको रकम मिलानको लागी बैंक समायोजन तयार गर्नुपर्नेमा २०७७ श्रावणमा कारोबार नभएको र सबै चेक भुक्तानी भई नगरपालिकाले श्रावण मसान्तमा बैंक बाँकी स्टेटमेन्ट अनुसारको रकम मौज्दात बाँकी कायम गरी एकिकृत आय-व्यय विवरण तयार गरेको छ । नियमानुसार बैंक समायोजन तयार गर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।	
१.५.	नगरपालिकाले संघीय एवं प्रदेश शसर्त शिर्षकबाट निकाशा लिई खर्च नभएको रकम २०७७ आषाढ मसान्त भीत्र संचित कोष फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार बाँकी रकम लेखापरीक्षण अवधि सम्म पनि फिर्ता गरेको देखिएन । उक्त रकम फिर्ता गर्नु पर्ने देखिएको रु.	७५२५३७८७.८

शिर्षक	निकासा	खर्च	बाँकी रकम

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>संघीय सशर्त</td><td>२१२४९३०००.००</td><td>१३८४६८७९९.३५</td><td>७४०२४२००.८०</td></tr>
<tr><td>प्रदेश सशर्त</td><td>७५०००००.००</td><td>६२७०४१३.००</td><td>१२२९५८७.००</td></tr>
<tr><td>जम्मा</td><td>२१९९९३०००.००</td><td>१४४७३९२१२.३५</td><td>७५२५३७८७.८</td></tr>
</table></td><td></td></tr>
<tr><td>१.६.</td><td>पालिकाले बैंक नगडी किताब, पेश्की विवरण, जिन्सी खाता, लेखा प्रमुख, कार्यालय प्रमुख र स्टोर किपर समेतबाट प्रमिणात गर्नु पर्नेमा जिन्सी खाता प्रमिणात गर्ने गरेको छैन भने अन्य खाता आंशिक रुपमा प्रमिणात गर्ने र धरौटी र राजश्व असूली खाता नै तयार गरेको देखिएन । सबै खाता अद्यावधिक गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>आन्तरिक नियन्त्रण एवं वित्तीय उत्तरदायित्व एवं जवाफदेहिताः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० देखि ५५ मा जिम्मेवार व्यक्तिले पालना गर्नुपर्ने वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको व्यवस्था गरेको छ । त्यसैगरी आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा प्रत्येक मन्त्रालय, विभाग एवं स्थानीय निकायबाट सम्पादन गरीने कार्यहरु मितव्ययी एवं प्रभावकारी बनाउन, वित्तीय प्रतिवेदनलाई विश्वसनिय बनाउन र प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । यस पालिकाको लेखापरीक्षण गर्दा निम्न कामसँग सम्बन्धित ऐन नियमले तोके अनुसारको व्यवस्था पालना नगरेको वा आशिंक पालना गरेको र आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ । पालिकाले कार्यान्वयन एवं सुधार गर्नुपर्ने व्यहोरा यस प्रकार छन्ः-</td><td></td></tr>
<tr><td>२.१.</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>२.२.</td><td>पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>२.३.</td><td>पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।</td><td></td></tr>
<tr><td>२.४.</td><td>राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>२.५.</td><td>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>२.६.</td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।</td><td></td></tr>
<tr><td>२.७.</td><td>स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>२.८.</td><td>दिगो बिकास योजना (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।</td><td></td></tr>
<tr><td>२.९.</td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>२.१०.</td><td>पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा</td><td></td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	कार्यालयमा रहेका जिन्सी सामान सहितको एकीकृत अभिलेख देखिने गरी खप्ने एवं खर्च हुने सामानको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।	
२.११.	पालिकाले जिन्सी निरिक्षण गरी प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरीक्षण नै गरेको पाईएन ।	
२.१२.	कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।	
२.१३.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।	
२.१४.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।	
२.१५.	ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता नराखेको ।	
२.१६.	स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।	
२.१७.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको छैन ।	
२.१८.	संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार दर्ता हुने गरेको पाइएन ।	
२.१९.	सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।	
२.२०.	निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गर्नुपर्नेमा गरेको पाईएन ।	
२.२१.	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।	
२.२२.	आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२) बमोजिम पालिकाको उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान गरी सो निराकरणको लागि उपयुक्त उपायहरु व्यवस्थित गरेको पाइएन ।	
२.२३.	स साना योजनालाई निरुत्सान गर्नुपर्नेमा एकैपटक सम्पन्न गर्न सकिने आयोजनालाई समेत आंसिक बजेट व्यवस्था गरी पटक पटक स साना योजना वा सालवसालि योजना राखि प्राथमिकता दिई कार्यान्वयनमा ल्याएको छ ।	
२.२४.	कोषहरु कार्यान्वयन गर्न कार्यविधि कानून बनाउनु पर्नेमा बनाएको पाइएन ।	
२.२५.	आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गराउने कार्य नियन्त्रण गर्नुपर्नेमा सो गरेको छैन ।जसले कामको गुणस्तर समेत प्रभाव पर्न सक्ने देखिन्छ ।	
२.२६.	उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग भिडान हुने गरेको छैन ।	
२.२७.	न्यायीक समितिवाट मुद्दाको किनारा लगाउन वाँकीको विवरण प्राप्त नभएकोले अवस्था एकीन गर्न सकिएन ।	
२.२८.	राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण एवं विस्तार गरी कार्यान्वयनमा ल्याएको छैन ।	
२.२९.	विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडी वढाएको देखिएन ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
२.३०.	अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन गरेको पाइएन ।	
२.३१.	विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको प्रयोजन नखुलाई विल राखी भुक्तानी भएको देखिन्छ ।	
२.३२.	आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९२ बमोजिम विनियोजन, राजश्व, धरौटी, जिन्सी र अन्य कारोवारको श्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुने गरेको पाइएन ।	
२.३३.	जिन्सी खाता, बैंक नगदी किताव, लेजर खाता एवं राजश्व असुलीमा प्रयोग हुने खाता प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/ एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको देखियो ।	
२.३४.	आम्दानी तर्फ रसिद नियन्त्रण खाता एवं म.ले.प.फा.नं.(साविक) १०८ र २३ जस्ता खाता नराखि सिधै आम्दानी गर्ने गरेको ।	
२.३५.	ईन्धन खर्चको लगबुक एवं कोटा निर्धारण गरी नियन्त्रण गर्ने नगरेको आदी ।	
	नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व, जिम्मेवारी एवं जवाफदेहिताको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३.	**खर्च गर्ने अख्तियारी र कार्यविधिः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सातदिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । खर्च गर्दा आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ ।	
४.	**आन्तरिक नियन्त्रण प्रणाली :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा प्रत्येक मन्त्रालय, विभाग एवं स्थानीय निकायबाट सम्पादन गरीने कार्यहरु मितव्ययी एवं प्रभावकारी बनाउन, वित्तीय प्रतिवेदनलाई विश्वसनिय बनाउन र प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । यस पालिकाको लेखापरीक्षण गर्दा निम्न कामसँग सम्बन्धित ऐन नियमले तोके अनुसारको व्यवस्था पालना नगरेको वा आशिंक पालना गरेको र आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ ।	
५.	**श्रोत अनुमान तथा वजेट सिमाः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । पालिकाको प्राथामिकतामा पर्ने आयोजना कून कून हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।	
६.	**आन्तरिक लेखापरीक्षणः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट औंल्याइएको विषयहरुको आधारमा आवश्यक सुधार गर्नु स्थानीय तहको कर्तव्य हुने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आ.ले.प. प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण समिति गठन नगरेको तथा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गराएको छैन । ऐनको प्रावधान कार्यान्वयन गर्नुपर्दछ ।	
७.	**मध्यमकालिन खर्च संरचनाः-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुसार पालिकाले उक्त योजना तयार गरेको देखिदैन । मध्यकालिन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा ३ आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको कार्यक्रमको प्राथमिकीकरण लागत र समय खुलाई तयार गरेको पाइएन ।	
८.	**उपकरणको प्रयोग -** यस नगरपालिकाले विगत वर्षमा खरिद गरेको र हाल सञ्चालनमा रहेको डोजर-१, ट्याक्टर-१, ट्रिफर-१, सेफ्टी ट्याङ्क-१ र वाटर ट्याङ्क-१ वटा रहेको विवरण प्राप्त भएकोमा यस वर्ष डोजर, ट्याक्टर, टिपर सेफ्टी ट्याङ्क र वाटर ट्याङ्क मेशिन भाडामा सञ्चालन गर्न दिए बापतको आम्दानी खुल्ने विवरण तयार गरेको छैन । मेशिन सञ्चालन गर्नलाई स्पष्ट कार्यविधी बनाएर, कार्यालय प्रयोजन वा व्यक्तिगत प्रयोजन खुलाएर मात्र सञ्चालन गर्नु पर्ने सो गरेको पाईएन । मेशिनको चालक, सहयोगी र इन्धन पालिकाबाट खर्च भएको छ । आन्तरिक काममा प्रयोग भएकोमा बाहेक उपकरणको उचित प्रयोग गरी भाडा आम्दानी गर्नु पर्दछ ।	
	नगरपालिका चालु तर्फः	
९.	**तलवी प्रतिवेदनः-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलवी प्रतिवेदन पारित नगरी रु.१ करोड १३ लाख ९४ हजार कर्मचारी पारीश्रमिकमा भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्दछ ।	
१०.	**प्रमाण बेगरको भुक्तानीः-** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) बमोजिम कुनै रकमको भुक्तानी दिँदा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने र ३६(८) बमोजिम रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्दछ । सो अनुसारको प्रकृया पुरा नगरी भुक्तानी गरेको व्यहोरा निम्न छन्:-	
१०.१.	नगरप्रमुख समेत २० जनाको उपस्थितिमा मिति २०७६/४/२० मा सरस्वति मा.वि.मा पालिकाको वडा नं १,२,३ मा वग्ने चारनाथ खोला फोहरमैला व्यवस्थापन तथा सरसफाई अन्तरक्रिया खर्च उल्लेख गरी भौचर नं ८१-२०७६/१२/२९ मा मिथिला साह मार्फत रु.७२९४०.०० भुक्तानी दिएको देखियो । कार्यक्रम संग असम्वन्धीत काठमाण्डो-जनकपुर आतेजाते जिप भाडा रु.२५०००.०० र प्यान विल प्रयोग गरी प्लेन भाडा रु.१३८००.०० र कार्यक्रममा भएको उपस्थित २० जना भन्दा बढि १७५ जनाको रु.१४३.७१ का दरले खाना खाजा वापतको भुक्तानी	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	दिन मिल्ने नदेखिएको सम्वन्धित बाट असुल गर्नुपर्ने रु.............	६३९५०.००
१०.२.	वडा नं १ मा ट्याक्टर चलाएको भनि डोर हाजिर भरी भौचर नं २६७-२०७७/३/२०० बाट २०७६ श्रावण देखि २०७७ आषाढ सम्मको ओम प्रकास साहलाई एकमुष्ट रु.१७४५००.०० भुक्तानी दिएको देखियो । उक्त रकम कुन प्रयोजनमा ट्याक्टर चलाएको हो विवरण उल्लेख गरेको छैन । कार्य प्रयोजन नखुलाई करार सम्झौता विना एकमुष्ट भुक्तानी दिन मिल्ने नदेखिएको रु.......	१७४५००.००
१०.३.	पालिकाले २६ जना कर्मचारी पदाधिकारीको नाम नामेसि उललेख गरी बैठक भत्ता शिर्षकवाट भौचर न् ३५३-२०७७/३/२९ मा रंजित कुमार यादवको नाममा रु.३६७०००.०० निकासा दिएको छ । कुनै पनि पदाधिकारी कर्मचारीले रकम वुझेको भरपाई वा वैंक दाखिला गरेको पाईएन । अतः उक्त रकम असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु.........	३६७०००.००
१०.४.	नगरपालिकामा भएको कार्यक्रमको मन्च व्यवस्थापन वापत सेखर टेन्ट हाउसलाई भौचर नं ३८२-२०७७/३/३१ बाट रु.८४५००.०० भुक्तानी दिदा सेखर टेन्ट हाउस बाटजारी विल थान ३ मध्ये विजक नं ३१ को विल रकम रु.१५०००.०० को फोटोकपि गरी फोटोकपि र सक्कल दुवै विल संलग्न गरी दोहोरो भुक्तानी दिएको देखियो ।दोहोरो भुक्तानी रकम असुल गर्नुपर्ने रु.१५०००.०० समेत उक्त भुक्तानी के बापतको हो सोको प्रमाण पेश गर्नुपर्ने रु.......	८४५००.००
१०.५.	पालिकाले रमेश आईरन स्टोर बाट ४ थान ह्याण्ड पम्प खरीद गरी भौचर नं ३८४-२०७७/३/३१ बाट रु.७४८७०.०० भुक्तानी दिएको छ । उक्त पम्प कुन स्थानमा जडान गरेको सो कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रु..............	७४८७०.००
११.	**लागत अनुमानः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा खरिद गर्नुपर्ने मालसामानको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर नम्वर ९५-२०७७/१/१५ बाट मिथिलान्चल सप्लायर्स बाट फगिङ्ग मेसिन लागत अनुमान तयार नगरी रु.३९५५००.०० मा सिधै खरिद गरेको छ । उक्त मेसिन प्रविधक नापजाँच विना स्टोर दाखिला नगरी भुक्तानी दिएको अनियमित रु..........	३९५०००.००
१२.	**सवारी साधन खरिदः** पालिकाले यो वर्ष महिन्द्रा स्कोर्पियो रु.५७६५५०००.०० मा खरिद गरी भुक्तानी दिएको छ । सो सम्वन्धमा देखिएका व्यहोरा यस प्रकार छन्:	
१२.१.	अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ ।पालिकाले संघिय सरकारबाट प्राप्त अनुदानबाट कार्यालय प्रयोजनका लागि स्कारपियो खरिद गरेको छ । सवारी साधन खरिद गर्दा निर्देशिकाको पालना गर्नु पर्दछ ।	
१२.२.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा लागत अनुमान तयार गर्दा गत वा चालु वर्षमा यस्तै सामान खरिद गर्दा लागेको लागत, स्थानिय वजारको दर, अन्य वजारको दर, र उद्योग वाणिन्य संघले जारी गरेको दर समेत विचार गरी खरिद कार्य मितव्ययी हुने किसिमले लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त सवै सवारीसाधनको स्पेसिफिकेसन र लागत अनुमान तयार गर्दा यान्त्रिक कार्यालय विरगंजका मेकानिकल इन्जिनियरलाई अनुरोध गरेको र उक्त इन्जिनियरले लागत अनुमान र स्पेसिफकेसन तयार गरी पठाएको देखिएतापनि के आधारमा लागत अनुमान तयार गरेकोहो विस्तृत विवरण पेश नगरेकाले मितव्ययी हुने किसिमले तयार गरेको छ भन्न सक्ने आधार भएन । कानुनको पालना गरेर लागत अनुमान तयार गर्नु पर्दछ ।	
१२.३.	सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी गर्न नहुने र ९ मा खुल्ला रुपमा विना भेदभाव वोलपत्रको प्रकृयामा सामेल हुन सक्ने वातावरण सिर्जना गर्नुपर्ने उल्लेख छ । पालिकाले सवारी साधनको लागि बोलपत्र माग गरेकोमा वोलपत्रमा एक मात्रको सहभागिता रहेको देखिएको र लागत अनुमानकै हाराहारीमा वोलपत्र पेश भएबाट खरिद कार्य मितव्ययी	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

नदेखिनुकासाथै स्विकृत स्पेसिफिकेसन प्रती विस्वस्थ हुने आधार भएन । धेरै कम्पनी सहभागि हुन सक्ने बातावरण तयार गर्नु पर्दछ । वोलपत्रमा भएको सहभागिता स्थिति यसप्रकार छः

सि.न	भेइकलको नाम	संख्या	लागत अनुमान	वोलपत्र दाखिला	उपर्युक्त	स्विकृत रकम	घटी प्रतिशत
१	Mahindra Scorpio	१	५८०००००.००	१	१	५७६५०००.००	०.६

१३. **आर्थिक एवं कार्यक्रमगत सहयोगः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा पालिकालाई तोकिएको अधिकारमा आर्थिक सहायता तथा कार्यक्रमगत सहयोग दिन मिल्ने व्यवस्था भएको देखिदैन । तर यस पालिकाले आन्तरिक चालू तथा नेपाल सरकारको चालू खर्च शीर्षकबाट पर्व पूजा जात्रा, छट, कार्यक्रम मा टेन्ट हाउस लगायत विभिन्न संघ तथा संस्थालाई टेन्ट, खाजा, खानाको विलको आधारमा खर्च गरेको छ । खर्चको अनुमानित लागत, के-के काममा कति रकम खर्च गर्ने स्वीकृत प्रस्ताव बेगर कार्यक्रमगत आर्थिक सहायतामा खर्च गरेको छ । खर्चको अनुमानित लागत र प्रस्ताव स्वीकृत नगरी पुजा तथा जात्रा गरेवापत भनि टुक्रा-टुक्रा विल राखि रु.११९१६००.०० भुक्तानी दिएको छ । पालिकाले यस्तो सहयोग उपलब्ध गराउने कार्यमा नियन्त्रण गरी खर्च मितव्ययी गर्नुपर्ने देखिएको रु........... — बेरुजू रकम: ११९१६००.००

क्र.स	भौचर	विवरण	रकम
१	३१४-२०७७/३/१५	वडा नं ६ मा राधाकृष्ण मन्दिर जात्रा	१०००००.००
२	३२१-२०७७/३/२५	वडा नं ८ मा छट पर्व जात्रा	१०००००.००
३	३४२-२०७७/३/२६	वडा नं १० मा ग्रक्ष्मि पुजा छट पर्व	१९४०००.००
४	३४४-२०७७/३/२६	वडा नं२ मा दुर्गा पुजा छट पुजा	१०००००.००
५	३४८-२०७७/३/२६	वडा नं ३ मा दुर्गा पुजा छट पुजा	१४७६००.००
६	३४९-२०७७/३/२९	वडा नं १३ मा लक्ष्मी पुजा	१०००००.००
७	३८७-२०७७/१/१	वडा नं ९ मा चौथि पुजा	१०००००.००
८	८८-२०७७/१/३	सतोषर सेवा समितिलाई भुक्तानी	३५००००.००
जम्मा			११९१६००.००

१४. **तलव भुक्तानीः-** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) बमोजिम कुनै रकमको भुक्तानी दिंदा खर्चको विलभरपाई सहित लेखा राखुपर्ने र ३६(८) बमोजिम रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्दछ । नगरपालिकाले कम्प्यूटर अपरेटर भक्तिनाथ झा र सहयोगि कोशल किशोर मण्डलको तलव भुक्तानी दिदा करार सम्झौता विना डोर हाजिर भराएर रंजित कुमार यादवको नाममा निकासा दिएको देखियो । सम्वन्धित व्यक्तिले रकम वुझेको प्रमाण पेश गर्नुपर्ने रु........ — बेरुजू रकम: २९९०००.००

क्र.स	भौचर	विवरण	रकम
१.	५-२०७६/८/९	श्रावण देखि आश्विन सम्मको तलव	११३६८५.००
२.	१५-२०७६/८/२९	कार्तिक देखि मंसिरको तलव	७०२००.००
३.	१७-२०७६/१०/३	पौष महिनाको तलव	११५११५.००
जम्मा			२९९०००.००

१५. **सवारी साधन भाडाः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम आय सेवामा समेत लागत अनुमान तयार गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८५(१घ) मा रु.५ लाख भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था छ । कार्यालयले उल्लेखित नियमको पालना नगरी ग २ च ४१९० नम्वरको गाडि श्रावण देखि कार्तिक र प्र-३-०१-०२२ को गाडी मंसिर देखि पोष महिना सम्म प्रयोग गरी प्रति महिना रु.१०००००.०० का दरले ६ महिनाको भाडा वापत रु.६००००० भुक्तानी गरेको देखिन्छ । कार्यालयमा ३ थान सवारी साधन चालु हालतमा रहेको अवस्थामा सम्झौता विना प्रयोग भएको प्रमाण र प्रयोजन समेत नराखि भाडा भुक्तानी गरेको देखिन्छ। यसरी ऐन तथा नियमावलीको व्यवस्था विपरित सम्झौता गरी भाडा वापत भुक्तानी गरेको रकम अनियमित देखिएको रु...... — बेरुजू रकम: ६०००००.००

१६. **विविध खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्ट्याई हुने

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विविध खर्च वापत रु.१६५१२०३ खर्च गरेको छ । विविध खर्च गर्दा खर्चको विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।	
१७.	**ईन्धन खर्चः-** क कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्टयाई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले यो वर्ष ईन्धन खर्च वापत २२३६६२१ खर्च गरेको छ । कोटा निर्धारण गरेर लग बुक राखि कार्यालयको आबश्यकता पुष्टयाई हुने गरीमात्र खर्च गर्नुपर्नेमा कोटा निर्धारण नगरेको र लगवुकमा स्थान दुरी समेत नखुलाई भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।	
१८.	**वडा व्यवस्थापन खर्चः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ को ८ मा कुनै सामाग्रिको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष प्रत्यक वडालाई रु.५०००००.०० का दरले १३ वटै वडाको लागि रु.६५०००००.०० भुक्तानी दिएको देखियो । बजेटमा समावेश गरेर आ.ब. को सुरुमा निर्णय गरी मासिक रुपमा खर्चका विल भरपाई राखि भुक्तानी दिनुपर्नेमा आ.ब.को अन्त्यमा इन्धन,संचार तथा खाजा खानाको एकमुष्ट विल तथा कामदारको डोर हाजिर समेत पेश गरी खर्च लेखेको छ । मासिक रुपमा भएको खर्चको आधारमा यस्तो खर्च भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।	
१९.	**बिल भरपाई वेगर बेरितको भुक्तानीः-** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) बमोजिम कुनै रकमको भुक्तानी दिंदा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने र ३६(८) बमोजिम रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले निम्नानुसार भुक्तानी दिदा विल भरपाई प्रमाण कागजात विना सिधै गोश्वारा भौचर मात्रैका आधारमा भुक्तानी दिएको देखियो । खर्च गर्ने आधार खर्च पुट्याई गर्ने प्रमाण कागजात विल भर्पाई वेगर खर्च लेख्न मिल्ने नदेखिएको रु...........	३४८६१५०.००

व.उ.शि.न	भौचर मिति	विवरण	रकम
नगरपालिका चालु	५५-२०७६/१०/१६	सवारी साधन मर्मत उमेश रायलाई भुक्तानी	२११६०.००
	७४-२०७६/१२/२७	सवारी साधन मर्मत कृष्ण डिस्ट्रिव्युटर्स लाई भुक्तानी	१४७०१४.००
	८०-२०७६/१२/१२	आदित्य पुस्तकलाई भुक्तानी	२१४२०.००
	१०६-२०७७/१/८	कार्यलय सामग्रि खरिदको लागि राम भगत पुर्वलाई भुक्तानी	१८९१५.००
	१२९-२०७७/१/८	भौचर समेत विल भरपाई पेश गर्नुपर्ने	४९९५७३.००
	१८०-२०७७/२/६	सोनम इन्टरप्राईजेज सवारी मर्मत खर्च	७२९५५.००
	२९९-२०७७/३/२४	खेलकुद सामाग्रि खरीद नेहा जेनेरल लाई भुक्तानी	१९३१७५.००
	३२९-२०७७/३/२६	महादेव यादव लाई भुक्तानी विवध खर्च बापत	६७००९.००
	३२८-२०७७/३/२६	भौचर समेत विल भरपाई पेश गर्नुपर्ने	१८३०००.००
	३८३-२०७७/३/३१	मसलन्द कार्यालय सामग्रिको भुक्तानी	२९११५०.००
संघिय शसर्त	२६-२०७६/११/२२	विभिन्न स्वस्थ्य कार्यक्रम संचालन वापत राम दुलार यादवलाई दिएको भुक्तानीको विल भरपाई नभएको	४२७२४४.००
	८५-२०७७/३/१८	कक्षा ८ को परीक्षा संचालन वापतको भुक्तानी विल भरपाई नभएको	१४४२७९.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा			बेरुजू रकम
	१०८-२०७७/३/२८	भिटामिन ए कार्यक्रममा खटिएका कर्मचारीहरुलाई यातायता खर्च भुक्तानीकालागि राम दुलार यादवलाई निकासा दिएको विल भरपाई नभएको	७३२५०.००	
	१०७-२०७७/३/२८	स्वास्थ्य तर्फ मासिक समिक्षा वैठक को भत्ता भुक्तानीकोलागि दिएको निकासा भत्ता वुझेको भरपाई नाम नामेसि नरहेको	४६०००.००	
	३४-२०७६/११/२९	ओम प्रकाशन लाई भुक्तानी श्रेस्ता पेश नभको	१४८२६८.००	
	६९-२०७७/३/११	गाँउघर क्लिनिक ससंचाल खर्चको श्रेस्ता पेश नभएको	११२०००.००	
	७०-२०७७/३/११	विवध खर्च भुक्तानी श्रेस्ता पेश नभएको	६४९४६.००	
	७१-२०७७/३/१४	यायुर्वेदको निकासा श्रेस्ता पेश नभएको	२७१४७२.००	
	९०-२०७७/३/२४	निर्माण खर्च भुक्तानि श्रेस्ता पेश नभएको	३३०१५५.००	
	२-२०७७/३/२९	वहुक्षेत्रिय पोषण बापत राजेश किराना पसललाई भुक्तानी विल भरपाई वितरण भरपाई नभएको	३५३१६५.००	
	जम्मा		३४८६१५०.००	
२०.	**खेलकुद सामग्रि खरिदः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ को ८ मा कुनै सामाग्रिको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले खेलकुद सामग्रि खरिद गरी भौचर नं ३८१-२०७७/३/३१ बाट एस.एम ट्रेडर्स लाई रु.४५५६१६.०० भुक्तानी दिएको छ । खर्चको अनुमानित लागत र प्रस्ताव स्वीकृत नगरी भुक्तानी दिएको र खरिद गरीएका सामान कुनै संस्थालाई हस्तान्तरण गरेको वा कार्यालयमा दाखिला गरेको देखिएन । कोभिड-१९ को महामारीको कारण देशव्यापि लकडाउनको अवस्थामा उक्त सामाग्रि खरीद गर्नु पर्ने आवश्यकता नदेखिनुका साथै खरिद गरिएका सामान दाखिला समेत नदेखिदा दुरुपयोग हुने, वास्तविक कार्यक्रममा खर्च भएको छ भन्न सक्ने आधार नभएको रु...........			४५५६१६.००
	नगरपालिका पुजीगत तर्फः-			
२१.	**वजेट तथा योजना तर्जुमाः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । एउटै क्षेत्र भित्र वडागत योजना, नगरपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रका कार्यक्रमका लागि रकम विनियोजन गरेको छ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र नगरपालिकाको सार्वजनिक निर्माण सँग योजना दोहोरो पर्नसक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँवाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यान दिनु पर्ने देखिन्छ ।			
२२.	**उपभोक्ताको काम -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण			

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>उपभोक्ता समितले ठेकेदारबाट काम गराएको — सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले आफूले लिएको काम निर्माण व्यवसायीबाट गराउन नहुने व्यवस्था छ । यसैगरी नयम ९७ (१३क) मा उपभोक्ता समितिले आफुले लिएको काममा निर्माणा व्यवसायी संलग्न गराएको पाइएमा सार्वजनिक निकायले संझौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविश्यमा कुनै काम गर्न नदिने र त्यस्तो कार्यमा संलग्न निर्माण व्यवसायीलाई समेत कार्वाही हुन सक्ने व्यवस्था छ । कार्यालय र निम्नानुसार उपभोक्ता समित बिच भएको सम्झौता अनुसारको काममा उपभोक्ताबाट १० प्रतिशत नगद योगदान गर्ने गरेको छ । उपभोक्ताले सम्झौता गरी लिएको अधिकांश काम निर्माण व्यवसायी प्रयोग गरी गराएको देखियो । नियमावलीको व्यवस्था मेल नखाने गरी उपभोक्ता समितले निम्नानुसार रु. ७६१४०७७.८४ को निर्माण कार्य मध्ये रु. ७४८२१०१.८ को काम निर्माण व्यवसायी मार्फत गराई भुक्तानी लिएको नियमित देखिएन । यसरी काम गराउने उपभोक्ता समितिलाई पुनः काम नदिने र उपभोक्ता समितले निर्माण व्यवसायीबाट काम गराउने परीपाटीमा नियन्त्रण गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>उपभोक्ता समिति</th><th>कार्य सम्पन्न</th><th>ठेकेदारको बिजक नम्बर</th><th>ठेकेदार बाट कार्य सम्पन्न</th></tr>
<tr><td>१३-२०७७/१/८</td><td>कुशवाह बजार देखी पूर्व जाने बाटो ग्राभेल उ. स.</td><td>३२५०७६७.१३</td><td>अन्सी निर्माण सेवा प्रा.ली. ०१-२०७६/९/२०</td><td>३२४५०००.००</td></tr>
<tr><td>४१-२०७७/३/३१</td><td>जगस्थल भीर माटो तथा ग्राभेल कार्य उ. स.</td><td>४३६३३१०.७१</td><td>धनुष बाबा कन्स्ट्रक्सन १२२-२०७७/३/२० बाट ग्राभेल काम</td><td>३८१९४०३.००</td></tr>
<tr><td></td><td></td><td></td><td>रंजन एण्ड अनमोल कन्स्ट्रक्सन माटोको काम ७-२०७७/३/२०</td><td>४१७६९८.८०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७६१४०७७.८४</td><td></td><td>७४८२१०१.८</td></tr>
</table></td><td>७४८२१०१.८</td></tr>
<tr><td>२४.</td><td>कर बिजक — आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ठेक्का नं. ४-२०७५/७६ का निर्माण व्यवसायी सारस सुजुन जे.भी लाई बाटो निर्माणको अन्तिम बिलको मु.अ.कर रु. ६८९४५४.८५ समेत रु. ५९९२९५३.७५ भुक्तानी दिएकोमा ठेक्का बिल साथ कर बिजक पेश नभएकोले बिजक पेश गर्नुपर्ने रु.</td><td>५९९२९५३.७५</td></tr>
<tr><td>२४.१.</td><td>कर विजक बिना ठेक्का बिलको आधारमा मात्र भुक्तानी दिएको मुल्य अभिवृद्धि कर दाखिला हुने अवस्था नदेखिदा उक्त मुल्य अभिवृद्धि कर असूली गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु.</td><td>६८९४५४.८५</td></tr>
<tr><td>२५.</td><td>सिधै खरिद एवं प्रतिस्पर्धा — सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरीद गर्न नहुने र खरिद नियमावली २०६४ को नियम ८ मा खरीद योजना बनाई खरीदको संभावित प्याकेज बनाई नियम ८४ अनुसार शिलबन्दी दर भाउ पत्र वा बोलपत्रको</td><td></td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	माध्ययमबाट खरीद गर्न सकिनेमा सो अनुसार नगरी सिधै काम गराएको देखियो । पालिकाले अलग अलग योजना स्विकृत भएको भनी ३ निर्माण कम्पनीबाट दर मात्र गरी लागत अनुमान बराबरकै हाराहारीमा (१ प्रतिशत भन्दा पनि कम घटीमा) रकम स्विकृत गरी गरेको खरीद कार्य मितव्ययी एवं नियमित समेत नदेखिएको रु.	४३८९१२५.२५

गो.भौ.नं. र मिति	काम	लागत अनुमान	ठेक्का स्विकृत रकम	घटी प्रतिशत
९-०७७/१/७	प्रशासनीक भवन नर्माण सवेला DPR दी एण्ड ए ई कन्स्ट्रक्सन	४९९६३२.८९	४९९६३२.८९	०.००
२०-०७७/३/२३	वडा नं. ५ बाटो ग्राभेल आयुष कन्स्ट्रक्सन	४८६८४३.४०	४८६३३३.१५	०.१०
२१-०७७/३/२४	वडा नं. ४ बाटो ग्राभेल मा दुर्गा कन्स्ट्रक्सन	४८५७८३.१५	४८५२५५.४५	०.११
२४-०७७/३/२९	वडा नं. १ बाटो ग्राभेल सस ऋषि बाबा निर्माण सेवा	४८७०६८.०७	४८६७६९.७२	०.०६
२९-०७७/३/३०	वडा नं. १३ बाटो मर्मत मा दुर्गा कन्स्ट्रक्सन	४८६३५७.३६	४८५८२९.०४	०.११
३०-०७७/३/३०	वडा नं. ८ बाटो ग्राभेल आर्थन कन्स्ट्रक्सन	४८६३५७.३६	४८५८२९.०४	०.११
३१-०७७/३/३०	वडा नं. ९ बाटो ग्राभेल जानकी कन्स्ट्रक्सन	४८७०६३.८७	४८६५३४.७८	०.११
३४-०७७/३/३०	वडा नं. ७ माटो तथा ग्राभेल कन्स्ट्रक्सन	४८७०६७.६६	४८६५३८.५६	०.११
३६-०७७/३/३०	वडा नं. १२ माटो तथा ग्राभेल निनु निर्माण सेवा	४८६९३१.५७	४८६४०२.६२	०.११
	जम्मा	४३९३१०५.३३	४३८९१२५.२५	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
२६.	**पचास प्रतिशत मुल्य अभिवृद्धी कर कट्टा नगरेको –** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । नगरपालिकाले नम्नानुसारको काम सम्पन्न गरी संझौता अनुसारको रकम भुक्तानी दिदा नियमावली अनुसार ५० प्रतिशत मु.अ.कर कट्टा गर्नुपर्नेमा नगरेको र विजक नम्बर केर मेट गरेको अवस्थामा मुल्य अभिवृद्धि कर भुक्तानी दिएको देखिदा उक्त कर दाखिला भएको वा समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु.	५७९३४०.०२

गो.भौ.नं. र मिति	निर्माण व्यवसायी	बील	कार्य सम्पन्न	मु.अ.कर	कैफियत
६-२०७६/११/१४	सदा ऋषि बाबा निर्माण सेवा	फाइनल	१४३४९०१.११	८२५३८.५६	हातले १ नम्बर बिजक ११/१४ लेखेको
५-२०७६/११/२	श्री राम बाबा निर्माण सेवा	फाइनल	७३०४८५.०८	४००१९.०५	५० % कट्टा नगरेको
९-२०७७/१/७	दि एण्ड ए इञ्जिनियरीङ्ग	-	४९९६३२.८९	२८७३९.९४	
१२-२०७७/१/७	सदा ऋषि बाबा निर्माण सेवा	फाइनल	२४३९५९५.९१	१४०३२७.२८	हातले २ नम्बर बिजक ०७७/१/७
४-२०७६/११/२	रफिद कन्स्ट्रक्सन पसल घर निर्माण	प्रथम	१४३५७८१.००	८२५९.१९	५० % कट्टा नगरेको
७-०७७/३/२६	श्री राम बाबा निर्माण सेवा विभिन्न ५ स्थान निर्माण	फाइनल	४८५८२४१.६८	२७९४५६.००	
		जम्मा	१६२५५७६१.१४	५७९३४०.०२	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
२७.	**पूर्वनिर्धारित क्षतिपूर्ति –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिम काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक नियकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारीत क्षतिपुर्ति दिनुपर्ने व्यवस्था छ । कार्यालय	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

र निर्माण व्यवसायी रफद कन्स्ट्रक बिच मु.अ.कर बाहेक रु. १७१३११३.०४ को काम २०७६/७/३० भित्र सम्पन्न गर्ने गरी २०७६/२/१५ मा संझौता भएकोमा २०७६/९/२२ मा मात्र सम्पन्न गरेकोले ढीला दिन ५२ को प्रति दिन रु. ८५६.५५ का दरले लाग्ने पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नु पर्नेमा नगरेकोले गर्नुपर्ने रु. — बेरुजू रकम: ४४५४०.९३

२८. **जटिल प्रकृतिका कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले फ्रेम स्ट्रक्चर सहितको भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत रु. २१८३०४५.०० को कार्य गराएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउनु पर्ने देखिन्छ । यसरी गराइको कामको स्थति यसप्रकार रहेका छन् :

गो. भौ. नं. र मिति	उपभोक्ता समितिको नाम	कार्य सम्पन्न	भुक्तानी रकम
१५-०७७/१/८	आधारभूत स्वास्थ्य भवन निर्माण उ.स. वडा नं. १०	२४०८२५२.००	७४९०६१.००
१३-०७७/३/२६	शहीद सम्भु प्रा.वि. भवन निर्माण उ.स	१५९३३१६५.००	१४३३९८४.००
	जम्मा	**१८३४१४१७.००**	**२१८३०४५.००**

२९. **कार्य सम्पन्न —** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११७ मा निर्माण कार्य सम्पन्न भएपछि नापी किताब र कार्य स्विकृत प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठे.नं. ३१-२०७५/७६ का निर्माण व्यवसायीले रु. ५८४२१७३.६६ को काम सम्पन्न गरेको भनी दोश्रो तथा अन्तीम बिलबाट रु. ५०४७६६२.०० भुक्तानी दिएको छ । सो कामको नापी किताब पेश गरेको छैन भने कार्य सम्पन्न प्रतिवेदन समेत पेश नगरेको रु. — बेरुजू रकम: ५८४२१७३.६६

३०. **अनुपातिक कट्टी —** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ताले गरेको संझौता अनुसार जनसहभागीताको अंस कट्टा गरेर मात्र भुक्तानी दनु पर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको निर्माण काममा संझौता अनुसार १० प्रतिशत जनसहभागिताको अंस कट्टा गरेर हुने रकम भुक्तानी दिनु पर्नेमा सो भन्दा बढी भुक्तानी दिएकोले असूल गर्नुपर्ने रु. — बेरुजू रकम: ७८६७६.३८

गो.भौ.नं. र मिति	उपभोक्ता	कार्य सम्पन्न	१० % कट्टा गरी हुने भुक्तानी	भुक्तानी	बढी
४०-०७७/३/३१	कवरगाह घाट निर्माण उ.स.	३६५७१०३.३९	२३९१३९३.०५	२४०७१०३	१५७१०.००
१०,११-०७७/१/७	वडा नं. १३ आधारभूत विद्यालय किरतपुर सौचालय निर्माण उ.स.	७४५२१०.१५	६७०५००.००	७०००००	२९५००.००
५-०७७/३/२६	सामुदियक भवन निर्माण उ.स. वडा नं. २ राम सरण यादवको घर निर्माण	१०६२६१२.२२	९५६३५०.००	९५७७६६	१४१६.००
३-०७७/३/२६	सामुदियक भवन निर्माण उ.स. वडा नं. १ मुसहर टोलमा भवन निर्माण	१०५७७६६.७३	९५१९९०.०५	९६१८६२	९८७१.९५
१-०७७/३/२६	सामुदियक भवन निर्माण उ.स. वडा नं. १४ पटेर्वाको मुसही टोलमा	१०६१८६२.३९	९५५६७६.००	९६२६१२	६९३६.००
११-०७७/३/२६	शहिद देव नारायण प्रतिहस्त गेट निर्माण	१०५८७४८.०१	९५२८७३.२०	९५८७८४	५९११.००
१३-०७७/३/२६	शहिद सम्भू प्रा.वि. भवन नि.उ.स.	१५९३३१६.१९	१४३३९८४.५७	१४४३३१६	९३३१.४३
	जम्मा	**१०२३६६१९.०८**	**८३१२७६६.८७**	**८३९१४४३**	**७८६७६.३८**

३१. **अधुरो निर्माण —** नर्माण व्यवसायी र कार्यालय बच भएको ठेक्का सम्झौता अनुसार निर्माण व्यवसायीले कार्य सम्पन्न गर्नु पर्दछ । ठे.नं. ३-२०७५/७६ बाट सडक कालो पत्र कार्य गर्न निर्माण व्यवसायी एक्सिस एशियन कन्स्ट्रक्सन सँग मिति २०७६/५/३० सम्म रु. ४०८९४१७६.०० (मु.अ.कर समेत) को काम सम्पन्न गर्ने गरी २०७५/१३/३ मा सम्झौता भएकोमा मिति २०७६/११/३०

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	सम्म कार्यकारी प्रमुखबाट मिति २०७६/५/३ मा म्याद थप भएको छ । थप म्याद सम्म जम्मा रु. १२७८७२१९.८२ को कार्य सम्पन्न गरी जम्मा ३१.२६ प्रतिशत प्रगति गरेको छ । तत्तपश्चात मेयाद थप समेत भएको दिखएन । समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरीद नयमावली २०६४ को नियम १२० र १२१ बमोजिमको प्रकृया अनुसार अवश्यक कार्वाही गरी निर्माण कार्य सम्पन्न गराउनु पर्ने देखिन्छ । साथै ३१.२६ प्रतिशत भुक्तानी लिई सक्दा समेत निर्माण कार्यको भुक्तानी लदा बीमा बापत भुक्तानी भएको नदेखिदा संझौता अनुसार बीमा रु. ५००००.०० नगरी कार्य गराएको उचीत देखिएन । बीमा गराएको प्रमाण पेश गर्नु पर्दछ ।	
३२.	**धरौटी कट्टा नगरेको —** सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२३(४) अनुसार नर्माण काईको रकम भुक्तानी दिदा ५ प्रतिशत रिटेन्सन भनी (धरौटी) कटाएर मात्र भुक्तानी दनु पर्ने व्यवस्था छ । नगरपालिका निम्नानुसार रकम भुक्तानी गर्दा ५ प्रतिशत धरौटी कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेमा सो कट्टा नगरी भुक्तानी दिएको रु.	४२९८८३.४

गो.भौ.नं. र मिति	ठे.नं.	काम	व्यवसायी	कार्य सम्पन्न	विवरण	रकम
७-०७७/३/२६	९-०७६/७७	विभिन्न ५ स्थान निर्माण	श्री राम बाबा निर्माण	४८५८२४१.६८	५ % धरौटी	२१४९६६.४४
९-०७७/३/२६	१०-०७६/७७	विभिन्न ५ स्थान निर्माण	श्री सप्त ऋषि बाबा नि.से.	४८५७१२३.४७	५ % धरौटी	२१४९१६.९६
			जम्मा	९७१५३६५.१५		४२९८८३.४

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
३३.	**बिल भरपाई —** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं. १८ र मिति २०७७/२/३ बाट रु ३६०००.०० ज्यामीलाई ज्याला दिएको छ । उक्त ज्याला दिँदा काम गरेको डोर हाजीरी अनुसार दिनु पर्दछ । लेखापरीक्षणको क्रममा ज्यामीले काम गरेको डोर हाजिरी पेश नभएको रु.	३६०००.००
३४.	**ठेक्का प्रतिस्पर्धा —** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरीद गर्न नहुने, दफा ९ मा बोलपत्रमा बिना भेदभाव सहभागी हुने अवसर प्रदान गर्नुपर्ने र दफा ६९ मा खरीदलाई प्रतिस्पर्धि बनाउन वद्युतिय प्रणाली समेत प्रयोग गर्न सक्ने व्यवस्था छ । पालीकाले बोलत्रको सूचना पत्र पत्रीकामा प्रकाशन गरी निम्नानुसारको कार्य गरिएकोमा लागत अनुमान तुलनामा एक प्रतिशत भन्दा कम घटी बोलपत्र पेश भई स्विकृत भएको देखिन्छ । प्रत्तेक जसो ठेक्कामा ३ बदा दरभाउपत्र पेश हुने र लागत अनुमानकै हाराहारीमा ठेक्का रकम पेश हुने गरेबाट पर्याप्त प्रतिस्पर्धा भएको थियो भनी विश्वस्थ हुन सक्ने अधार भएन । विद्युतीय सूचना प्रणालीलाई बढावा दिई खरीद कार्य मितव्ययी थप प्रतिस्पर्धि बनाउनु पर्ने देखिन्छ । लागत अनुमानकै हराहारीमा ठेक्का स्विकृत भएके स्थिति यस प्रकार छन् ।	

ठे.नं.	काम	निर्माण व्यवसायी	लागत अनुमान	ठेक्का रकम	घटी %
९-२०७६/७७	५ स्थान सामुदायिक भवन निर्माण	श्री राम बाबा निर्माण सेवा	४८६८४६१.१३	४८६४००१.००	०.४२
१०-२०७६/७७	५ स्थान भवन निर्माण	श्री सप्त ऋषि बाबा नि.से.	४८७०६८९.६५	४८६४५५९.७०	०.१३
जम्मा			९७३९१५०.७८	९७२८५६०.७	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
३५.	**आयोजना अनुगमन एवं गुणस्तरः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले आफुले लिएको काम गुणस्तरिय ढङ्गबाट गर्नुपर्ने, त्यस्को प्राविधिक नापजाँच प्राविधिकबाट गराई सार्वजनिक निकायबाट अनुगमन गराउनु पर्ने व्यवस्था	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

छ । नगरपालिकाले वडास्तरिय कार्यक्रम वडा अध्यक्ष र नगरस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उप प्रमुखको अध्यक्षतामा रहेको नगरस्तरिय अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमन बाट यतिखर्चमा बनेको आयोजना अनुगमन गरीयो भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन । यसबाट सम्झौता अनुसार नै काम सम्पन्न भएको थियो भन्ने बुझिन आउँदछ । सवै जसो कामको अनुगमन पश्चात भुक्तानी हुने गरेको देखिँदा कुनै आयोजनामा कमि कमजोरी वा गुणस्तरमा प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ । आयोजनाको अनुगमन सम्वन्धित वडाध्यक्ष र नगर उप प्रमुखको अध्यक्षता रहेको नगर स्तरिय अनुगमन समितिले गर्ने गरेको छ । यसका केही उदाहरण यस प्रकार छन्ः-

गो.भौ.नं. र मिति	उपभोक्ता	कार्य सम्पन्न	भुक्तानी
४०-०७७/३/३१	कवरगाह घाट निर्माण उ.स.	३६५७१०३.३९	२४०७१०३
१०,११-०७७/१/७	वडा नं. १३ आधारभूत विद्यालय किरतपुर सौचालय निर्माण उ.स.	७४५२१०.१५	७०००००
५-०७७/३/२६	सामुदियक भवन निर्माण उ.स. वडा नं. २ राम सरण यादवको घर निर्माण	१०६२६१२.२२	९५७७६६
३-०७७/३/२६	सामुदियक भवन निर्माण उ.स. वडा नं. १ मुसहर टोलमा भवन निर्माण	१०५७७६६.७३	९६१८६२
१-०७७/३/२६	सामुदियक भवन निर्माण उ.स. वडा नं. १४ पटेर्वाको मुसही टोलमा	१०६१८६२.३९	९६२६१२
११-०७७/३/२६	शहिद देव नारायण प्रतिहस्त गेट निर्माण	१०५८७४८.०१	९५८७८४
१३-०७७/३/२६	शहिद सम्भू प्रा.वि. भवन नि.उ.स.	१५९३३१६.१९	१४४३३१६
	जम्मा	१०२३६६१९.०८	८३९१४४३

३६. **चौमासिक तथा आषाढ महिनाको खर्चः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (२५) मा चौमासिक रुपमा कार्यक्रम संचालन गरी प्रगति प्रतिवेदन तयार गर्नु पर्ने र कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्च गर्नुपर्नेमा तेस्रो चौमासिकमा बढी खर्च गर्दै गरेको स्थिति निम्नानुसार रहेको छ ।

(रु. हजारमा)

सबैला नगरपालिका	कुल खर्च	पहिलो चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक	
		खर्च	प्रतिशत	खर्च	प्रतिशत	खर्च	प्रतिशत
जम्मा	२५५००२	३२४३६	१२.७	७३१७८	२८.७	१४५९७८	५७.२

कुल खर्च रु. २५५००१५३१.२० मध्ये प्रथम चौमासिकमा १२.७ प्रतिशत, दोस्रो चौमासिकमा २८.७ प्रतिशत र तेस्रो चौमासिकमा ५७.२ प्रतिशत खर्च गरेको छ । तेस्रो चौमासिकमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ

शिक्षा

३७. **शिक्षकको अभिलेखः-** शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ । जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन । विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७६।७७ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले कार्यालयबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन ।	
३८.	**शिक्षक तलबः-** यस पालीका अन्तर्गत रहेका २९ विद्यालयका शिक्षक कर्मचारीलाई तलव भत्ता रु.६८०२३३४६.६३ भुक्तानी दिएको छ । शिक्षक कर्मचारीलाई तलव भत्ता भुक्तानी गर्दा शिक्षाक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलवी प्रतिवेदन पारित नगराइ विद्यालयहरुलाई शिक्षकहरुको तलब वापत निकासा दिएको पाइयो ।यस आर्थिक वर्षमा पालिका अन्तर्गत विद्यालयमा कार्यरत शिक्षकको दर्वन्दी तेरिज, शिक्षक अवकास, सरुवा र मृत्यूको विवरण प्राप्त हुन सकेन । जसबाट वास्तविक हुने भन्दा बढी निकासा दिएको छैन भनी एकिन गर्न सकिएन । तलबी प्रतिवेदन पारित गराएर, अवकाश शिक्षक, सरुवा र मृत्यूको अभिलेख अद्यावधिक गरेरमात्र तलब निकासा दिनुपर्दछ ।	
३९.	**विद्यालयगत निकासा रजिस्टर्डः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र निकासा दिएको रकम भिडान गर्न सकिएन । विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।	
४०.	**शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS):-** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७६।७७) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००.०० का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५०.०० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२००.०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५.०० का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन ।	
४१.	**दिवा खाजाः-** शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को बुदा नं ७ मा स्थानिय तहहरुले विद्यार्थिको दिवा खाजा कार्यक्रमका लागि विद्यालयलाई अनुदान उपलव्ध गराउदा खाजा व्यवस्था प्रवन्ध मिलाउनुपर्ने व्यवस्था छ । स्थानीय तहले दिवाखाजा उपलव्ध गराईएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र पालिकाले चौमासिक रुपमा अनुदान उपलव्ध गराउनुपर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिका मातहतका २९ बिद्यालयलाई रु.११३९६६१०.०० निकासा दिएको छ । विद्यार्थीको संख्या, हाजिरी भएको दिन र विद्यार्थीलाई खाजा खुवाएको सुनिश्चित हुने प्रमाण पेश गरेको छैन । कार्यविधि अनुसार खाजा खुवाएको एकिन गरी विद्यार्थि संख्या बार्षिक परिक्षामा सामेल भएको विद्यार्थि संख्या विवरण तथा बिद्यालय संचालन भएको दिन एकिन गरी वास्तविक खर्च एकिन गरी खर्च रकम सुनिश्चित गर्नुपर्ने रु.	११३९६६१०.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
४२.	**छात्रवृत्तिः-** सामुदायिक विद्यालयका आधारभुत तथा माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि दिइने विपन्न लक्षित र सिमान्तकृत लगायतका छात्रवृत्ती समयमा निकाशा माग नगरेकोले विद्यालयहरु मार्फत विद्यार्थीमा वितरण हुन सकेको छैन ।यसरी प्रदान गरेको रकमको सम्वन्धमा अनुदान प्राप्त विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक संघ समेतको सहभागितमा विद्यालयमा उपलव्ध अनुदान (छात्रवृत्ति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृत्ति पाउने छात्रछात्राहरुको नामावली सहितको विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । यस किसिमको छात्रवृति शैक्षिक सत्र २०७६ मा भर्ना भएका विद्यार्थीहरुले मात्र पाउने व्यवस्था छ । छात्रवृत्ती वितरण गरीएका विद्यार्थीको नामावली र वितरणको भरपाई कार्यालयमा पेश नभएकोले भौ.नं. ८३-२०७७।३।१८ बाट अनुदान उपलव्ध गराएको रकम के कति दलित, अपाङ्ग, छात्रा र छात्रलाई उपलव्त्र गराएको हो एकिन गर्न सकिएन । छात्रवृत्ती वितरणको अनुगमन गरी प्रतिवेदन तयार नभएकोले निर्देशिकाले तोकेको मापदण्ड पुगेका विद्यार्थिहरुले छात्रवृत्ती प्राप्त गरे नगरेको एकिन हुन नसकेको रु.........	१८०१२००.००
४३.	**प्रतिवेदनः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को ३६(३) अनुसार बिल भरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । नगरपालिकाले यस आर्थिक वर्षमा देहायका मदर्सालाई सञ्चालन अनुदान वापत रु.२०४६०००.०० निकाशा गरेकोमा मदर्सा शिक्षक, व्यवस्थापन तथा मसलन्द लगायत खर्च गरेको विलभर्पाई वा संस्थाको लेखापरीक्षण भएको प्रतिवेदन (२०७६-०७७) पेश गर्नुपर्ने रु........	२०४६०००.००

क्र.स.	विवरण	अनुदान रकम
१	रा.प्रा.वि मदर्सा गलासने मदिना	२४१०००.००
२	अल मदर्सा नुर रहमानिया	२४१०००.००
३	मदर्सा मोहमदिया अहले	२४१०००.००
४	मदर्सा फैजाने रजा	२४१०००.००
५	मदर्सा रजिविया इस्लाहुल	२४१०००.००
६	मदर्सा स्लामिया सल्फिया	२४१०००.००
७	प्रेरणा सामुदायिक अध्यायन केन्द्र	४०००००.००
८	श्री दुर्गा मा सामुदायिक अध्यायन केन्द्र	२०००००.००
जम्मा		**२०४६०००.००**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
४४.	**निशुल्क पाठ्यपुस्तक :** भौ.नं. ५८-२०७७/२/८ मा नगरपालिका अन्तर्गतका २९ विद्यालयहरुलाई दोस्रो चौमासिकमा निकासा दिनु पर्ने निःशुल्क पाठ्यपुस्तक वापतको ७५ प्रतिशत रकम रु.२९०५०४०.०० जेष्ठ महिनामा मात्र निकासा गरेको पाइयो । विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७ मा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ । यस वर्ष १ देखि १० कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.४१८२११३.०० खर्च लेखेकोमा विद्यर्थिले पाठ्यपुस्तक प्राप्त गरेको भरपाई पेश भइको छैन । सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन गरेको पाइएन । अनुगमन नभएकोले सम्बन्धित विद्यार्थीले पाठ्यपुस्तकको उपयोग गरे नगरेको सम्बन्धमा एकिन गर्न सकिने अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था हुनुपर्दछ ।	
४५.	**प्रोत्साहन अनुदानः-** विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतका निम्न उपक्रियाकलापहरु संचालनको लागि निम्न विद्यालयलाई निम्न बमोजिम अनुदान रकम निकासा प्रदान गरिएको छ । कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिए बमोजिम प्रस्ताव माग गर्ने, प्रस्तावहरुको मूल्याङ्कन गरी विद्यालय छनौट गर्ने, विगतमा यस प्रकृतिको अनुदान नपाएका विद्यालय यकिन गर्ने, स्थानीय तह र विद्यालयबीच सम्झौता गर्ने लगायतका प्रक्रियाको पालना गरेको पाइएन ।यसबाट कार्यसम्पादनमा उत्कृष्ट विद्यालयले अनुदान पाएका छन् भन्न सक्ने आधार भएन । कार्यान्वयन पुस्तिकाको प्रावधान पुरा गर्ने विद्यालयलाई मात्र	

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>यस्तो अनुदान दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । निकासा रकम निर्धारित कार्यमा खर्च भएको प्रगति प्रतिवेदन, खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.......
<table>
<tr><th>भौ. नं./मिति</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>अनुदान रकम</th></tr>
<tr><td>१०१-२०७७/३/२८</td><td>फकिरचन्द्र ग्रामि मा.वि</td><td>विज्ञान प्रयोगसाला</td><td>६५००००.००</td></tr>
<tr><td>१०१-२०७७/३/२८</td><td>आ.वि ढोरवाजा किरतपुर</td><td>ICT ल्याव</td><td>७५००००.००</td></tr>
<tr><td>१०१-२०७७/३/२८</td><td>द्वारिका आ.वि रघुनाथपुर</td><td>सिकाई किट खरीदको लागि अनुदान</td><td>१०००००.००</td></tr>
<tr><td>१०१-२०७७/३/२८</td><td>रा.आ.वि खयरवोना</td><td>सिकाई प्रोत्साहन</td><td>२०००००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७०००००.००</td></tr>
</table></td><td>१७०००००.००</td></tr>
<tr><td>४६.</td><td>घरमै बसेर सिकाईने पुस्तक छपाइ : शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प.सं ०७६।७७ च.नं १४७ मिति २०७७।०१।१८ को पत्रानुसार कोभिड – १९ भाइरसको संक्रमणका कारणबाट घरमा वसी रहेका बालबाललिकालाई अभिभावकको सहयोगमा गर्न सिक्ने सिकाई क्रियाकलापहरु समेटिएको कक्षा २ र ३ सरहका पुस्तकहरु तत्काल छपाई गरी आफ्नो क्षेत्रमा वितरणगर्ने उल्लेख छ ।पालिकाले स्व-अध्ययनको लागि कक्षा २ कालागि ५०० थान र कक्षा ३ कालागि ५०० थान पुस्तक छपाई गरी अमन मेडिया सर्भिसलाई भौचर नं १२१-२०७७/३/३१ बाट रु.२९९४५०.०० भुक्तानी दिएको देखियो । उक्त पुस्तक लकडाउनकै समयमा विद्यार्थिहरुलाई वितरण गर्नुपर्नेमा सो गरेको देखिएन । पुस्तक छपाई गरी सम्वन्धितलाई वितरण नगरेवाट लगानी प्रतिफल विहिन देखिएको रु........</td><td>२९९४५०.००</td></tr>
<tr><td></td><td>स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>४७.</td><td>तलवी प्रतिवेदनः- स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै दफा ७ ख२ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ । यस पालिका मातहत रहेका १० स्वास्थ्य चौकिमा कार्यरत ६६ जना कर्मचारीका र आयुर्वेद तर्फका ५ जना गरी ७१ जनालागि तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता वापत रु.२५८४४३९६.०० भुक्तानी दिएको छ । नियमानुसार प्रतिवेदन पारित नगराई खर्च लेखेको देखिएको हुँदा बढी ग्रेड भुक्तानी भएको छैन भन्न सकिएन । अतः तलबी प्रतिवेदन पारित गरेरमात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८.</td><td>निशुल्क औषधी वितरणः- नगरपालिकाले यस वर्ष रु.३४०९७७०.०० मुल्यको औषधी तथा स्वास्थ्य उपकरण २०७७।३।३१ मा खरिद गरि भुक्तानी दिएको छ । विभिन्न ७२ प्रकारका औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि नगरपालिकाले समयमै औषधी खरिद गरेको देखिदैन ।यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>४८.१.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ त्यस्तै नियम ८४ (१) क मा ५० लाख सम्मको औषधिजन्य मालसामान तथा स्वास्थ्य सम्वन्धी उपकरण खरीद गर्दा शिलवन्दी दरभाउपत्र आव्हान गरी खरीद गर्ने व्यवस्था छ । पालिकाले औषधि खरीद गर्दा सन्देश मेडिकल सेन्टर बाट सिधै औषधि खरीद गरी भौचर नं २६-२०७७/३/३१ बाट रु.३४०९७७०.०० भुक्तानी दिएको छ । नियममा भएको व्यवस्था विपरित सिधै खरीद गर्ने कार्य अनियमित देखिएको रु.......</td><td>३४०९७७०.००</td></tr>
<tr><td>४८.२.</td><td>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन साथै पालिकाले खरिद गरिएको औषधिमा निःशुल्क वितरण गरिने छाप लगाएको पाईएन ।</td><td></td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
४८.३.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
४८.४.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
४८.५.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
४८.६.	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४९.	**आयुर्वेद औषधि खरीदः-** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) बमोजिम कुनै रकमको भुक्तानी दिँदा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले कन्चन आयर्वेद बाट आयुर्वेद औषधि खरीद गरी भौचर नं १२७-२०७७/३/२१ बाट कन्चन आयुर्वेद औषधालयलाई रु.४९९९००.०० भुक्तानी दिएको छ । उक्त खरीद भएको औषधि हस्तान्तरण एवं वितरण भएको भरपाई पेश गर्नुपर्ने रु........	४९९९००.००
	नगरपालिका स्वास्थ्यः	
५०.	**औषधि खरीदः-** नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ मा औषधि खरीदको वोलपत्र आव्हान गरेको भनि यस आर्थिक वर्षमा सुमिता मेडिकल डिस्टिव्युटर्स बाट औषधि खरीद गरी भौचर नं १२-२०७६/७/१० बाट रु.३०६००००.०० भुक्तानी दिएको छ । गत वर्ष को ठेक्का नं४३-२०७५/७६ बाट यस वर्ष खरीद गरेको देखिएकोमा लेखापरीक्षणको क्रममा ठेक्का फाईल पेश नभएकाले कति परीमाणमा कुन मिति भित्र औषधी खरीद गर्नुपर्ने हो खरीद दर सम्झौता अनुसार भए नभएको भिडान गर्न सकिएन । फाईल पेश गरी सम्झौता मिति भित्रै तोकिएको दरमा औषधि आपुर्ति भएको एकिन गर्नुपर्ने रु.........	३०६००००.००
	सडक वोर्ड तर्फ	
५१.	**खर्चको विल भर्पाईः-** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) बमोजिम कुनै रकमको भुक्तानी दिँदा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने र ३६(८) बमोजिम रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष सडक वोर्ड तर्फ कुसमाह वजार देखि पुर्व जाने बाटो ग्राभेल निर्माण उ.स लाई भौचर नं २-२०७७/१/८ बाट रु.२२७५५१८.०० भुक्तानी दिएको मा सो भुक्तानी सम्वन्धि सम्झौता, नापी, ठेक्का विल, कार्य सम्पन्न लगायत श्रेस्ता विल भरपाई पेश नभएको रु........	२२७५५१८.००
	सामाजिक सुरक्षा कार्यक्रम	
५२.	**सामाजिक सुरक्षा कार्यक्रमः-** सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ १३ वटा वडाका लागि लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न तिन चौमासिकमा जम्मा रु.१२१९२००००.०० निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
५२.१.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि — १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ । पालिकाले सामाजिक सुरक्षा शिर्षकबाट लाभग्राहिको खातामा रकम भुक्तानी गर्न सहयोगि विकास	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	वैंङ्कलाई प्रथम चौमासिकमा रु.७६७२८००, दोश्रो चौमासिकमा रु.६११००००.०० र तेश्रो चौमासिकमा रु.१५१५५२००.०० गरी रु.२८९३८०००.०० निकासा दिएकोमा वैंकले रु.३६८०००.०० फिर्ता गरेको छ । बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको विस्तृत विवरण पालिकामा पठाएको छैन । पालिकाले बैंकवाट लाभग्राहिको खातामा रकम जम्मा गरेको विस्तृत विवरण माग गरी फिर्ता रकम एकिन गर्नुपर्ने रु............	२८९३८०००.००
५२.२.	पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणकालागि प्रथम चौमासिकमा निम्न कर्मचारीको नाममा बजेट खर्च लेखि रु.३३१४६२००.०० भुक्तानि दिएकोमा रु.२४१२४००.०० फिर्ता भई वैंङ्क दाखिला गरेको देखियो । बाँकी रकम सम्वन्धित लाभग्राहिलाई वुझाएको भर्पाई पेश गरेको छैन । उक्त रकम लाभग्राहिलाई वुझाई सम्वन्धितको भरपाई पेश गर्नुपर्ने रु......	३०७२४८००.००

क्र.स	नाम	रकम
१	नथुनी ठाकुर हजाम	२८६१६००.००
२	जित नारायण यादव	९०६७५००.००
३	विरेन्द्र लाल कर्ण	४५७७८००.००
४	भरत यादव	८००००००.००
५	भिषण राउत गडेरी	४०५००००.००
६	श्याम कुमार यादव	४५८९३००.००
बैङ्क दाखिला		**२४१२४००.००**
बाँकी रकम		**३०७२४८००.००**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
५२.३.	पालिकाका यस आर्थिक वर्षको दोश्रो र तेश्रो किस्ता वापतको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा आंशिक वैंक मार्फत र आंशिक पेश्की मार्फत निकासा दिएको देखियो । निम्न ६ वाडा सचिवको नाममा दोश्रो र तेश्रो चौमासिकमा रु.६२२५७२००.०० पेश्की निकासा दिएकोमा लेखापरीक्षणको समय सम्म फछ्यौट नभई समवन्धित कर्मचारीको नाममा पेश्की बाँकी रहेको देखियो । बैंकको पूर्ण पहुच भएको अवस्थामा पेश्की लिई कर्मचारी मार्फत भत्ता वितरण गर्नुपर्ने आधार देखिदैन । आर्थिक वर्ष सकिएपछिको तेश्रो चौमासिक सम्म पनि पेश्की फछ्यौट नगरेकोमा पालिकाले आवश्यक छानविन गरी पेश्की फछ्यौट गर्नुपर्ने रु...........	६२२५७२००.००

क्र.स	नाम	रकम
१	नथुनी ठाकुर हजाम	७९३१६८६.००
२	जित नारायण यादव	८४१८८००.००
३	विरेन्द्र लाल कर्ण	९६८३३७२.००
४	भरत यादव	१८४१३७७२.००
५	भिषण राउत गडेरी	६६२२०८६.००
६	श्याम कुमार यादव	१११८७४८४.००
जम्मा		**६२२५७२००.००**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
५२.४.	भत्ता वितरण गर्दा आंशिक बैंकबाट र आंशिक कर्मचारीवाट वितरण गर्दा एउटै व्यक्तिको नाममा दोहोरो निकासा भएको छैन भन्न सक्ने आधार भएन । दोहोरो नपर्ने गरी खर्च लेखेको सुनिश्चित गर्नु पर्दछ ।	
५२.५.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।	
५२.६.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले आर्थिक वर्ष २०७६-०७७ मा लगत कट्टा गरेको विवरण अद्यावधिक गरेको छैन ।	
५२.७.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्यक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समितिनै गठन नगरेकोले निदेर्शिका अनुसारको समिति गठन गरि क्रियासिल हुनुपर्ने देखिन्छ ।	
	धरौटी तर्फः	
५३.	**धरौटी आम्दानीः-** कार्यालयवाट प्राप्त विवरण अनुसार गत विगतको अ.ल्या रु.७५९५७३५.०० र चालु आर्थिक वर्षको आम्दानी रु.५१९५२००.०० गरी जम्मा रु.१२७९०९३५.०० धरौटी आम्दानी जनाएको छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसा छन्:	
५३.१.	पालिकाले पेश गरेको धरौटिको आर्थिक विवरण अनुसार यस आर्थिक वर्षमा रु.३६२६११४.०० धरौटी फिर्ता गरी श्रेस्ता अनुसार रु.१००५३४३५.०० धरौटी बाँकी र वैंङ्क अनुसार रु.११०५२०८०.०० धरोटि वाँकी देखिन्छ । वैंक र श्रेस्ता अनुसार फरक देखिएको सम्वन्धमा एकिन गर्नुपर्ने रु.............	९९८६४५.००
५३.२.	कार्यालयले प्राप्त धरौटीको गोश्वारा भौचर उठाई धरौटी खाता तयार गरेको छैन । जसवाट प्राप्त धरौटी कस्को हो एकिन हुन सक्ने अवस्था छैन । धरौटीको व्यक्तिगत विवरण तयार गरी साविकको धरौटी र यस वर्षको धरौटी रु.११०५२०८०.०० को अभिलेख अद्यावधिक गर्नु पर्दछ ।	
५३.३.	गत विगत देखिनै धरौटीको व्यक्तिगत विवरण राख्ने गरेको छैन । यस वर्ष फिर्ता गरेको जम्मा रु.३६२६११४.०० सम्वन्धित व्यक्तिको धरौटी हो भनि सुनिश्चित हुने आधार भएन । व्यक्तिगत विवरण नराखि धरौटी फिर्ता गर्दा फिर्ता रकम दोहोरो पर्न जानसक्ने हुदा व्यक्तिगत धरौटी खाता तयार गरेर मात्र धरौटि फिर्ता दिनुपर्दछ ।	
	ब.उ.शि.नं. ३६५००१०६३ — बहुक्षेत्रीय पोषण कार्यक्रम	
५४.	**महंगी भत्ता —** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७४/१/२५ को च.नं २१७ को परिपत्र अनुसार करारको कर्मचारीहरुलाई एक महिनाको पारिश्रमिक वरावरको रकम चाडपर्व खर्च वापत र सालवसाली रुपमा चैत्र महिनामा निजामति कर्मचारी सरह पोसाक भत्ता बाहेक अन्य भत्ता भुक्तानी दिन नमिल्ने उल्लेख छ ।अस्थायी कर्मचारीले मंहगी भत्ता नपाउने व्यवस्था भएपनि पालिकाले पोषण स्वयम सेवक श्री मो. सिराजुल आलम लाई मासिक रु. २०००.०० का दरले १२ मिहनाको रु. २४०००.०० भुक्तानी गरेको छ । सो रकम सम्बन्धितबाट असुल गर्नेपर्ने रु.	२४०००.००
५५.	**बढि भुक्तानी -** बहुक्षेत्रिय पोषण कार्यक्रमको वार्षिक कार्यक्रम तर्जुमा सम्बन्धी बजेट र मार्गदर्शनमा मा पोषण स्वयम सेवकलाई मासिक पारीश्रमिक रु. १५०००.००, चाडपर्व खर्च, मासिक यातायात रु. १०००.००, सञ्चारमा मासिक रु. ५००.०० र पोषाक भत्ता रु ५०००.०० तोकेकोमा	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	पालिकाले उक्त पारिश्रमिक तोकेको भन्दा बढी मासिक तलब २०५००.०० का दरले खर्च लेखी प्रति महिना बढी रु ५५००.०० ले १२ मिहनाको रु. ६६०००.०० र पोषाक भत्ता मा रु.१००००.०० खर्च लेखी बढी रु. ५०००.०० गरी जम्मा रु ७१०००.०० बढी दिन मिल्ने आधार पेश नभएकोले असुल गर्नु पर्ने रु	७१०००.००
५६.	**बिजक नं., मिति र परीमाण नमिलेको -** पालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो १००० दिनका महिला तथा बालबालिकाका लागि पोषण सामाग्रीहरु राजेश किराना पसल बाट निम्न मितिमा चना, साबुन, आयोदिन र शुद्ध तोरिको तेल गो.भौ.नं. २ मिति २०७७/२/२९ बाट रु. ३५३१६५.०० को खरिद गरेको पाइयो उक्त भौचर साथ संलग्न बिल पेश गर्दा बिजक नं. र मिति मिलेको पइएन । बिजक नं. १५० को बिल मिति २०७७/२/१३ गते लेखेको छ र बिजक नं. १५३ र १५४ मिति २०७७/२/१२ गतेको लेखेको पाइयो साथै उक्त पेश गरेको बिल अनुसार जम्मा रु. ५०२८३५.०० हुनु पर्नेमा रु. ३५३१६५ मात्र लेखेको छ । जसले गर्दा सो सामाग्री बास्तविक रुपमा किनेको हो या बिल मात्र राखेको हो यकिन गर्न सकिएन । कार्यालयले एकिन गरी त्यतिनै सामान प्राप्त भएको हो भन्ने सुनिश्चित हुने आधार प्रमाण पेश गर्नु पर्ने रु.	३५३१६५.००

बि.नं. र मिति	खाने तेल रु.२२५ का दरले (लिटर मा)	आयोदिन रु.२५ का दरले (के.जी मा)	चना बदाम रु.११५ का दरले (के.जी मा)	साबुन रु.२५ का दरले (वटा)	बिल रकम
१५०-०७७/२/१३	५४	५२	५०		१९२००
१५३-०७७/२/१२	५३	५३	५२		१९२३०
१५४-०७७/२/१२	५४	५५	५३		१९६२०
१५६-०७७/२/२१	५२	५४	५९		१९८३५
१५८-०७७/२/२१	५३	५३	५५		१९५७५
१६०-०७७/२/२१	५६	२९	५८		१९९९५
१६२-०७७/२/३०	५७	५२	५१		१९९९०
१६३-०७७/२/३०	७६०	७	६		१९८६५
१६४-०७७/२/३१	४९	६५	६१		१९६६५
१६५-०७७/३/१	५३	६३	५३		१९५९५
१६६-०७७/३/२	५०	६१	५१		१८६४०
१६७-०७७/३/८	५७	१४	५९		१९९६०
१६९-०७७/३/१२	५२	४५	४९		१८४५०
१७१-०७७/३/१५	६३	४६	२०		१९९६५
१७२-०७७/३/१५	४३	८४	४९	१००	१९९१०
१७३-०७७/३/२४	५१	८१	५६		१९९४०
१७५-०७७/३/२४	६२	३४	४५		१९९७५
१७७-०७७/३/२४	४१	८५	४७	१२०	१९७५५
जम्मा	**१६६०**	**९३३**	**८७४**	**२२०**	**३५३१६५**

उक्त बिल अनुसार हुनु पर्ने रकम विवरण

सामान	खरिद परीमाण	दर	रकम
खाने तेल	१६६०	२२५	३७३५००
आयोदिन नुन	९३३	२५	२३३२५
चना बदाम	८७४	११५	१००५१०
साबुन (बिल अनुसार जम्मा २२० वटा खरिद)	२२०	२५	५५००
जम्मा			**५०२८३५**

५६.१.	आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो १००० दिनका महिला तथा बालबालिकाका लागि पोषण सामाग्रीहरु राजेश किराना पसल (प्रो. राजेश कुमार महतो) बाट चना	

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>८७४ के.जी, साबुन २२० वटा, आयोदिन ९३३ के.जी र शुद्ध खाने तेल १६६० केजी गो.भौ.नं. २ र मिति २०७७/२/२९ बाट रु. ३५३१६५.०० को खरिद गरेको पाइयो तर पालिकाले सो समाग्री हरु वितरण गर्दा प्रत्येक व्यत्तीलाई माथी उल्लेखित सामाग्री चना बदाम र नुन १/१ केजी, तेल १/१ लिटर र साबुन १/१ वटा गरी निम्न वडामा जम्मा ५०६ जनालाई रु. १७४३२०.०० को सामान वितरण गरेको भरपापई पेश भएकोले बाँकी रु. १७८८४५.०० को सामान मौज्दात रहेको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नं.</th><th>संख्या (जना)</th><th>मिति</th></tr>
<tr><td>८</td><td>६१</td><td>२०७७/३/३१</td></tr>
<tr><td>९</td><td>१०८</td><td>२०७७/४/२</td></tr>
<tr><td>१०</td><td>१२८</td><td>२०७७/४/२९</td></tr>
<tr><td>१२, १३</td><td>१५९</td><td>२०७७/४/५</td></tr>
<tr><td>११</td><td>५०</td><td>२०७७/५/७</td></tr>
<tr><td>जम्मा</td><td>५०६</td><td></td></tr>
</table>
खरिद साग्रीहरुको पेश भएको बिलको दर अनुसार वितरण गरेको बिवरण
<table>
<tr><th>सामान</th><th>वितरण परीमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>खाने तेल</td><td>५०६</td><td>२२५</td><td>११३८५०</td></tr>
<tr><td>आयोदिन नुन</td><td>५०६</td><td>२५</td><td>१२६५०</td></tr>
<tr><td>चना बदाम</td><td>५०६</td><td>११५</td><td>४२३२०</td></tr>
<tr><td>साबुन (बिल अनुसार जम्मा २२० वटा खरिद)</td><td>५०६</td><td>२५</td><td>५५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१७४३२०</td></tr>
</table></td><td>१७८८४५.००</td></tr>
<tr><td></td><td>ब.उ.शि.नं. ३१४०१०११४ — राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग</td><td></td></tr>
<tr><td>५७.</td><td>बिल भरपाई — आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. ९ मिति २०७७/०३/३० बाट कम्प्युटर्स मर्मत र कार्यक्रम खर्च बापत विन्ट्रोन कम्प्यूटर एण्ड इलेक्ट्रोनिक्स लाई ७८६०७.००, संजय साह रौनियार लाई रु. ४१८२०.०० र आई लाइफ कम्प्यूटर सर्भिस एण्ड ट्क्नोलोजी लाई रु. २९५५०.०० गरी जम्मा रु. १५१४८५.०० खर्च लेखेकोमा रु. ७१,३७०.०० मात्र बिल भरपाई रहेकोले बिल भरपाइ नरहेको रु. ८८,१५७.०० असूल गर्नुपर्ने रु.</td><td>८८१५७.००</td></tr>
<tr><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ</td><td></td></tr>
<tr><td>५८.</td><td>केरमेट - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा यथेष्ट प्रमाण तथा रित पुरा भएपछि मात्र भुक्तानी दिनुपर्दछ भन्ने उल्लेख छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सबैला नगरपालिका वडा नं. ११ मा ठाहार देखि प्रधान खेत हुदै घडारी गाछी सम्म र पैनी खेत हुँदै घडारी गाछी सम्म पैनी निर्माण तथा मर्मत सम्भारको लागि रु. ४९४९९९.८५ को लागत अनुमान बनाई मिति २०७७/३/९ मा उपभोक्ता समिति सँग सम्झौता गरेको छ । सो सम्झौता अनुसार रु. ४९४७४७५७.७२ को कार्य सम्पन्न प्रतिवेदन बनाई ८६ जना श्रमिकलाई दैनिक रु. ७१५.०० का दरले गो.भौ.नं. ९० मिति २०७७/३/२४ बाट रु. ३३०१५५.०० वितरण गरेको छ । उक्त रकम वितरण गर्दा निम्न श्रमिकको डोर हाजीरी केरमेट गरी सच्याएको पाइयो उक्त हाजीरी सच्याइ बढी खर्च लेखेको रु१६४४५.०० असूल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>नाम</th><th>भएको</th><th>संच्याएको</th><th>बढी दिन</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>नन्द किशोर यादव</td><td>५</td><td>६</td><td>१</td><td>७१५</td><td>७१५</td></tr>
<tr><td>२</td><td>अनिता कुमारी</td><td>५</td><td>७</td><td>२</td><td>७१५</td><td>१४३०</td></tr>
<tr><td>३</td><td>सोवित कुमारी देवी</td><td>५</td><td>७</td><td>२</td><td>७१५</td><td>१४३०</td></tr>
</table></td><td>१६४४५.००</td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा							बेरुजू रकम
	४	बुलानी यादव	५	७	२	७१५	१४३०	
	५	रविन यादव	६	७	१	७१५	७१५	
	६	सरोज कुमार मंडल	६	७	१	७१५	७१५	
	७	पुरण कुमार मंडल	६	७	१	७१५	७१५	
	८	राम स्वार्थ यादव	४	७	३	७१५	२१४५	
	९	संतोष कुमारी यादव	४	६	२	७१५	१४३०	
	१०	संगित महरा	५	६	१	७१५	७१५	
	११	रोशन कुमार यादव	३	४	१	७१५	७१५	
	१२	घनश्याम ठाकुर (हजाय)	५	७	२	७१५	१४३०	
	१३	उमेश कुमार यादव	४	६	२	७१५	१४३०	
	१४	राम उदय यादव	४	५	१	७१५	७१५	
	१५	संतोषा राय	५	६	१	७१५	७१५	
	जम्मा						**१६४४५**	
	आन्तरिक आम्दानी तर्फः-							
५९.	**रसिद नियन्त्रण खाताः-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ५१ मा ऐन वमोजिम प्रत्यक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ । नगरपालिकाले सो अनुसार रसिद नियन्त्रण खाता राखेको पाइएन ।जसवाट २०७६ आषाढमा कति रसिद बाँकी थिए २०७६।७७ मा कति छपाई गरियो र सो अनुसार जम्मा रसिद ठेलिमा कुन कुन वडामा कति रसिद उपलव्ध गराईयो र जिन्सिमा कति ठेली बाँकी छन सो एकिन गर्न सक्ने आधार भएन र पालिकाले काटेको रसिदको रकम दैनिकी रुपमा चढाउने खाता तयार भएको छैन। नगदी रसिद खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोटबाट यो वर्ष विभिन्न वडालाई रसिद वुझाएको उल्लेख गरेकोमा वडाले यो वर्ष वुझेको भन्दा फरक नम्वरका रसिद समेत बाट राजश्व असुल गरेको पाइयो जस्तै रसिद नियन्त्रण खातामा नचढाई वडा नं. ६ लाई रसिद नं. ८५१-९०० रसिदबाट राजस्व उठेको पाइयो र यो वर्ष लगेको मध्ये प्रयोग नभएको रसिद २०७७ आषाढ मसान्तमा अल्या सारी वा फिर्ता गर्नुपर्नेमा नगरी प्रयोग गर्ने गरेवाट नगदी रसिदको प्रयोगमा नियन्त्रण देखिदैन । यसले गर्दा कति रसिद कुन वडालाई दिइएको छ र सो बाट कति आम्दानी उठेको छ भनेर एकिन गर्न सकिएन । यसमा गाँउपालिकाले वुझेको र प्रयोग गरेको रसिद एकिन गरी असुल राजश्व सवै दाखिला गरे नगरेको सुनिश्चित गर्नु पर्दछ ।							
६०.	**रसिदको प्रयोग** — स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्टगरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । पालिकाले यस वर्ष विभिन्न शिर्षक सिफारीस, टेन्डर, घर नक्सा, परीक्षा दस्तुर, मालपोत, व्यक्तीगत, नगदी, बजार ठेक्का, घर बहाल कर र अन्य सिफारीस बाट प्राप्त विवरण र बैंक दाखिला भौचर अनुसार रु. ३१८३१२०.११ राजस्व स्थानीय संचित कोषमा दाखिला गरेको छ । सो दाखिला गरेको रकम उठेको श्रेस्ता रसिद ठेली र सफ्टरवेयरबाट उठेकोमा बार्षिक व्यक्तिगत प्रतिवेदन लेखापरीक्षणको समयमा माग गर्दा पेश नभएको हुनाले के कति रसिद प्रयोग गरी उक्त रकम उठेको हो एकिन गर्न नसकिएको हुदा कार्यालयले प्रयोग भएको रिसद, राजश्व असूली खाता सहित एकीन गरी पेश गर्नु पर्ने रु.							३१८३१२०.११

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	(तालिका तल)	

वडा नं.	नगदी	मालपोत	जम्मा
१, २ र ३	३५२००.००	-	३५२००.००
४	४४६००.००	२२९५४.००	६७५५४.००
५	१६०१०.००	४१९६.००	२०२०६.००
६	१६३००.००	-	१६३००.००
७	२०६००.००	९००.००	२१५००.००
८	१७४००.००	१३१६३.००	३०५६३.००
९	३०९००.००	१६९८६.००	४७८८६.००
१०	२७१००.००	२१५६९.००	४८६६९.००
११	२०७५०.००	६५५०.००	२७३००.००
१२	४६३००.००	१३१८४.००	६९४८४.००
१३	५३२५०.००	५२९०२.००	१०६१५२.००
नगरपालिका	-	-	२६९२३०६.११
जम्मा			**३१८३१२०.११**

६१. **खाताको प्रयोग-** राजश्व असुल गर्दा रसिद अनुसार असुलि देखिने साविक म.ले.प.फा.न १०८, २३ जस्ता खाता राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुली खाता राख्नुपर्नेमा रसिद वाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ । जसवाट दाखिला राजश्व र खाता भिडान गर्न सकिएन । खाता र राजश्व असुली रकम भिडान हुने गरी खाता राख्नु पर्दछ ।

६२. **ठेक्का रकम दाखिला —** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १० मा लगति राजश्वको लेखा अद्यावधिक गरी असुल एवं दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी नियम १३ मा आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र असुल गर्न बाँकी राजश्वको कच्चावारी तयार एवं भिडान गरी राजश्वको आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयबाट प्राप्त विवरण अनुसार निम्न आय ठेक्काको २०७६/७७ को ठेक्का रकम रु. ३४८३७८४.०० मध्ये रु. १२३८९६०.०० असुल भई दाखिला गर्न बाँकी देखिएको निम्नानुसारको रकम असुल गर्नु पर्ने रु. — बेरुजू रकम: २२४४८२३.००

सिनं	विवरण	ठेकेदार	अवधि	२०७६/७७ को ठेक्का रकम	दाखिला	बाँकी
१.	पोखरी नं. १ प्यारे साह वाला	ठक्कु सहनी	३ वर्षे	१२६५००	०	१२६५००
२.	पोखरी नं. २ दयोध पोखरी	ठक्कु सहनी	३ वर्षे	९१०००	०	९१०००
३.	पोखरी नं. ३ वल्टीया पोखरी	इन्द्र देवी गुप्ता	३ वर्षे	१०७०००	०	१०७०००
४.	पोखरी नं. ५ कोठीया सडक पोखरी	राम कुमारी धामी	३ वर्षे	५१०००	०	५१०००
५.	दह पोखरी — १	किसोरी सहनी	३ वर्षे	७५२००	७२०१०	३१९०
६.	दह पोखरी — २	किसोरी सहनी	३ वर्षे	७१५७५	७२००	६४३७५
७.	दह पोखरी — ३	सहेन्द्र विजारी	३ वर्षे	६६२७५	६५२०	५९७५५
८.	दह पोखरी — ४	सहेन्द्र विजारी	३ वर्षे	३८९३४	६५३०	३२४०३
९.	दह पोखरी — ५	सहेन्द्र विजारी	३ वर्षे	५१३००	५२००	४६१००
१०.	सवैला गुदरी बजार	तपसी यादव	२०७६/९/२७-२०७७/९/२७	१७०००००	६९००००	१०१००००
११.	सबैला बाखा बजार	करण यादव	२०७६/९/२७-२०७७/९/२७	११०५०००	४५१५००	६५३५००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

जम्मा	३४८३७८४	१२३८९६०	२२४४८२३	

६२.१. नगरपालिकाको क्षेत्र भीत्र रहेका घर, सटर, बजार, पोखरीको ठेक्का नगरपालिकाले लगाई राजश्व असूल गर्नु पर्दछ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार निम्नानुसारको ठेक्का वडाले सिधै लगाएको र ठेक्काको फाइल समेत नगरपालिकामा पेश नगरेको कारण ठेक्का रकम कसले लिएको हो भन्न समेत खुल्न नआएको भनी विवरण पेश गरेको छ । वडाबाट ठेक्का लगाउन मिल्ने आधार पेश पेश नभएकोले यसरी ठेक्का लगाउने काम नियन्त्रण गरी उक्त ठेक्का कसले लिएको हो ठेक्का फाइल सहित असूली नदेखिएको उक्त ठेक्का रकम असूल एवं दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

बेरुजू रकम: २६३३७२२.००

सिनं	विवरण	ठेकेदार	अवधि	२०७६/७७ को ठेक्का रकम	दाखिला	बाँकी
१२.	सबैला गदरी बजार	ठेक्का फाइल पेश नभएको	२०७५/८/१८-२०७६/८/१५	११९१०००	०	११९१०००
१३.	सबैला बाखा बजार	ठेक्का फाइल पेश नभएको	२०७५/८/१८-२०७६/८०/१५	७२०५००	०	७२०५००
१४.	मटही वेवतीया पोखरी	ठेक्का फाइल पेश नभएको	२०७५/१/६-२०७८/१/६	३११११११	०	३११११११
१५.	नवटोली पोखरी	ठेक्का फाइल पेश नभएको	२०७५/१/६-२०७८/१/६	४११११११	०	४११११११
			जम्मा	२६३३७२२	०	२६३३७२२

६२.२. मुल्य अभिवृद्धि कर नियमावली २०५३ मा मुल्य अभिवृद्धि कर लाग्ने वस्तु ठेक्का मार्फत विक्रि गर्दा वा सेवा शुल्क संकलन गर्दा ठेक्का रकममा सोमा समेत लाग्ने मुल्य अभिवृद्धि कर समेत दाखिला गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष निम्न बजार ठेक्का लगाएकोमा स्विकृत ठेक्का रकममा १३ प्रतिशत मु.अ.कर दाखिला गर्नुपर्नेमा सो गरेको देखिएन । ठेक्का फाइल पेश नभएका ठेक्काको समेत बोलपत्र दाता पहिचान गरी नियमानुसार लाग्ने मु.अ.कर असूल गरी दाखिला गर्नुपर्ने रु

बेरुजू रकम: ८१४८१५.००

विवरण	ठेक्का मित	ठेक्का रकम	बाँकी मु.अ.कर	ठेकेदार
सबैला गदरी बजार	२०७५/८/१५-२०७६/८/१५	११९१०००.००	१५७८३०.००	ठेक्का फइल पेश नभएको
सबैला बाख बजार	२०७५/८/१५-२०७६/८/१५	७२०५००.००	९३६६५.००	ठेक्का फइल पेश नभएको
सबैला गुदरी बजार	२०७६/९/२७-२०७७/९/२७	१७०००००.००	३२१०००.००	तपसी यादव
सबैला बाखा बजार	२०७६/९/२७-२०७७/९/२७	११०५०००.००	१४३६५०.००	करण यादव
सतोषर गुदरी बजार	२०७६/१/१-२०७७/१/१	७५९०००.००	९८६७०.००	विरेन्द्र कुमार यादव
	जम्मा	५४७५५००.००	८१४८१५.००	

६३. **पेश्की बाँकीः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । कार्यालयले विभिन्न निर्माण व्यवसायी, पदाधिकारी र कर्मचारीलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई बाँकी रहेको देखियो । फछ्र्यौट गर्न बाँकी रहेको पेश्की नियमावलीको व्यवस्था अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु................

बेरुजू रकम: ८६००००.००

भौ.नं. र मिति	नाम	विवरण	रकम
६-०७६/८/२९	रंजित कुमार यादव	विवध कार्यक्रम खर्च	३०००००.००
५७-०७६/११/१९	सतोसर सेवा समिति	जात्रा पर्व खर्च	२०००००.००
२-०७६/१२/११	राम दुलार यादव	अन्य मेचिंग कोष	३०००००.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	३४६-०७७/३/२८ — रंजित कुमार यादव — सवारी साधन मर्मत — ६००००.०० जम्मा — ८६००००.००	
६४.	**मिति २०७८/४/७ मा पठाएको थप वेरुजु दफा १ :** उद्योग मन्त्रालयको केन्द्रिय निकासा विवरण अनुसार औद्योगिक ग्राम निर्माणको लागि मिति २०७६।९।२८ मा नगरपालिका लाई रु.९२०००००.०० निकासा दिएको देखियो । नगरपालिकाले पेश गरेको वित्तिय विवरणमा सो रकम समावेस भएको देखिएन ।उक्त निकासा रकम सम्वन्धित काममा खर्च भएको भए सो को श्रेस्ता र खर्च नभई फिर्ता भएको भए सो को पेश गर्नुपर्ने देखिएको रु.....	९२०००००.००
६५.	**कोभिड-१९ (प्रकोप व्यवस्थापन कोष) तर्फ** नगरपालिकाले कोभिड १९ नियन्त्रण तर्फ २०७६/७६ मा निम्नानुसार रकम व्यवस्था गरी खर्च गरेको छ ।	

सि.नं.	आम्दानी		सि.नं.	खर्च	
	विवरण	रकम		विवरण	रकम
१.	गतको जिम्मेवारी	१५००००.००	१.	औषाधी, उपकरण, PPE सेट आदी	७६८९२७.००
२.	सामाजिक विकास मन्त्रालय	१५०००००.००	२.	खाद्यान्न चामल तेल, नुन, आदी	२४७९१००.००
३.	नगरपालिकाले निर्णय गरी वित्तीय सामानिकरण रकम बाट	१४१००००००.००	३.	क्वारेन्टाइन संचालन खर्च	६३७०४९९.००
		१५७५००००	४.	कोभिड भत्ता खर्च	३२५४०८१.००
			५.	अन्य विवध खर्च	७५०३६६.००
			६.	पेश्की पछ्यौंट बाँकी	१६०१०००.००
			७.	बैंक बाँकी	४९१०२७.००
	जम्मा	**१५७५००००.००**		**जम्मा**	**१५७१५०००.००**

उपरोक्त कारोबारको लेखापरीक्षणबाट देखिएका प्रमाण व्यहोराहरु यस प्रकार छन्

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
६५.१.	**बिल भरपाई बिना पेश्की फछ्यौंट—** आर्थिक कार्यविधि नियावली २०६४ को नियम ३६ (३) मा भुक्तानी दिन पूर्व बिल भरपाई पेश गर्नुपर्ने र ३६(८) मा भुक्तानी दनु पूर्व रीत पुगे नपुगेको चेक जाँच गर्नुपर्ने व्यवस्था छ । निम्न भौ.नं. तथा मितिबाट निम्न कर्मचारीको पेश्की फछ्यौंट गरेकोमा भौचर साथ खर्चको बिल भरपाई संलग्न रहेको देखिएन । खर्चको बिल भरपाइ पेश गर्नुपर्ने रु.	६९५२६४.००

सि.नं.	पेश्की फछ्यौंट	पे.फ. भौ.नं. र मिति	रकम	कैफियट
१.	विरेन्द्र लाल कर्ण	७२-०७७/३/२५	८२०००.००	कुनै पनि बिल भरपाई नभएको
२.	भरत यादव	१७-०७७/२/७	९९४८९.००	पे.फ. ७८०००.०० समेत बिल भरपाई नभएको ।
३.	नथुनी ठाकुर	८९-०७७/३/३६	२८३७७५.००	पे.फ. २३२०००.०० समेत बिल भरपाई नभएको ।
४.	विरेन्द्र लाल कर्ण	९-०७७/३/२५	२३००००.००	सामान खरिदको बिल नभएको ।
	जम्मा		**६९५२६४.००**	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
६५.२.	**बिल भरपाई —** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । निम्न गो.भौ.नं. र मितिबाट निम्नानुसार रु. ४२५२८८.०० खर्च लेखेकोमा भौचर साथ खर्चको कुनै पनि बिल भरपाई संलग्न रहेको देखिएन । खर्च भएको बिल भरपाई पेश नहुनुको कारण सहित अवश्यक प्रमाण पेश गर्ने अन्यथा रकम दाखिला गर्नुपर्ने रु.	४२५२८८.००

भौ.नं. र मिति	विवरण	रकम
२३-०७७/२/२१	खाद्यान्न खर्च	१७१३६१.००
२५-०७७/२/२१	क्वारेन्टाइनमा खर्च	३२७५०.००
५६-०७७/३/२३	सन्तोष चौधरी लाई भुक्तानी	३१५००.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

७१-०७७/३/२५	भरत यादव वडा नं. १० राहत वितरण	१२०७४१.००
७९-०७७/३/२६	धिरेन्द्र कुमार यादवलाई क्वारेन्टाइन खर्च	६८९३६.००
जम्मा		**४२५२८८.००**

६५.३. **सिधै खरिद —** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८४ अनुसार ५ लाख भन्दा बढीको सामान शिलबन्दी दर भाउपत्रबाट खरीद गर्नुपर्ने व्यवस्था छ । नियम १४५ अनुसार विशेष परीस्थितिमा खरिद गर्दा यथा सम्भव प्रतिस्पर्धा खराई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रतिस्पर्धा विना सिधै पि.पि.ई. सेट सेट ग्लोभ, इन्फेक्सन सोलुसन आदी औषधी उपकरण खरिद गरेको नियमित नदेखिएको रु.

बेरुजू रकम: ५५४४३४.००

६५.४. **मुल्य अभिवृद्धि करमा दर्ता नभएको सँग कारोबार —** सार्वजनिक खरीद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै पनि सामान खरिद गर्नु पर्दा मु.अ.कर मा दर्ता भएको सँग मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले क्वारेन्टाइनमा बस्ने डाक्टर, सुरक्षा कर्मी तथा विरामीलाई दैंनिक खाना, खाजा र पानी उपलब्ध गराउन २५०.०० लागत कायम गरी दर माग गरेकोमा पहिलो पटक रु. २१०.०० दर पेश गर्नेले सामान उपलब्ध गराउन नसकिने निवेदन दिएको भनी पुनः ३ फर्मबाट दर माग गरी रघुनाथ स्विट कर्ननले उपलब्ध गराउने दर रु. २४९.०० घटी भनी स्विकृत गरी कारोबार गरेको छ । सार्वजनिक निकायले रु. २००००.०० भन्दा बढीको कारोबार गर्दा मु.अ.करमा दर्ता भएको सँगै मात्र गर्नुपर्नेमा सो नगरेको देखिदा खरीद कार्य नियमीत नदेखिएको रु.

बेरुजू रकम: १७३२७६५.००

भौ.नं. र मिति	विवरण	रकम
३८-०७७/३/१४	खाजा, खाना र पानी	५०४३६३.००
४९-०७७/३/२२	खाजा, खाना र पानी	२५७१२४.००
५३-०७७/३/२२	खाजा, खाना र पानी	४८५७६३.००
८०-०७७/३/२६	खाजा, खाना र पानी	४८५५१५.००
जम्मा		**१७३२७६५.००**

६५.५. **सोझै खरिद एवं सामानको उपयोग —** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा मु.अ.करमा दर्दा भएको सँग मात्र खरीद गर्नुपर्ने, नियम १४५ अनुसार विशेष परीस्थितिमा सामान खरीवदगर्दा यथा सम्भव प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै गरी जुन प्रयोजनको लागि सामान खरिद गरेको हो सो सामान सम्बन्धित स्थानमा प्रयोग भएको आर्थिक कार्यविधि नियमावलीको नियम ३६(३) अनुसार बिल भरपाइ पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले नम्नानुसार सामान मु.अ.कर मा दर्ता नभएको सँग विना प्रतिस्पर्धा रु. ५५७११५.०० मा खरिद गरी १५ प्रतिशत कर कट्टा गरी भुक्तानी गरेको र उक्त सामान कुन कुन क्वारेन्टाइनमा खर्च भएको हो सामान बुझाएको प्रमाण समेत नराखी खर्च लेखेको रकम अनियमित देखिएको रु.

बेरुजू रकम: ५५७११५.००

भौ.नं. र मिति	पार्टि	सामान	थान	रकम
५९-०७७/३/२४	सुरज वस्त्रालय	झुल र जाजीम (डस्ना)	६३२	४७४०००.००
८४-०७७/३/२९	सुरज वस्त्रालय	झुल र जाजीम (डस्ना)	९५	८३११५.००
जम्मा				**५५७११५.००**

६५.६. **पेश्की फछ्यौंट -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले कोभिड नियन्त्रण गर्न पेश्की दिएकोमा फछ्यौंट गरेको नदेखिदा पेश्की रकम सम्बन्धीत काममा खर्च भयो भनी विस्वस्थ सक्ने आधार भएन नियमानुसार पेश्की फछ्यौंट गर्नुपर्ने देखिएको रु.

बेरुजू रकम: १६७९०००.००

भौ.नं. र मिति	विवरण	रकम
२-०७६/१२/३	जित नारायण यादव	३४५०००.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

	नथुनी यादव	११५०००.००
	भरथ यादव	११५०००.००
	भिषण राउत	११५०००.००
	श्याम यादव	१२००००.००
३-०७६/१२/३०	तित नारायण देव	२४८०००.००
	भिषण राउत	२१०००.००
	श्याम यादव	१९२०००.००
४-०७६/१२/३०	भिषण राउत	१८००००.००
१८-०७७/२/१३	रजित कुमार यादव	५००००.००
२१-०७७/०२/१६	रंजित कुमार यादव	१०००००.००
७०-०७७/३/२५	वडा सचिव	७८०००.००
जम्मा		१६७९०००.००

६६.	**अनुगमन निरिक्षणः** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, अनुपात कट्टी र ठेक्का स्वीकृति लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ।	
६७.	**सम्परिक्षणः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८४ मा वेरुजु फर्छयौट गर्ने व्यवस्था रहेको छ । सोहि ऐनको दफा ८४(२)(घ) मा वेरुजु फछ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिकाले सम्परीक्षणको लागि अनुरोध गरेको छैन । बाँकी वेरुजु नियमानुसार फछ्यौट गर्नुपर्दछ ।	
६८.	**संचित कोष तथा वेरुजुको स्थितिः** पालिकाको संचित कोषको विवरण, वेरुजु बर्गिकरण र अद्यावधिक वेरुजुको स्थिति क्रमशः अनुसुची -१, अनुसुची - २ र अनुसुची - ३ मा समावेश गरिएको छ ।	

अनुसूची- १

स्थानीय तह संचितकोष विवरण
आर्थिक वर्ष २०७६/७७

(रु.हजारमा)

क्र.स	स्थानीय तह	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	गतवर्षको जिम्मेवारी	आय					व्याय				मौज्दात बाँकी
						संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
१	सबैला नगरपालिका, धनुषा	१०७१६०३	२८२७२९	२६.३८	१८२६७२	३७५२८२	४९३७५	४३०३५	१६४०६५	६३१७५७	५६५३२	५७३९७	३२५९१७	४३९८४६	३७४५८२

अनुसूची- २

सबैला नगरपालिका
बेरुजू वर्गीकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोवार)
आर्थिक वर्ष २०७६/७७

(रु.हजारमा)

क्र.स	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा संख्या		जम्मा	दफा संख्या		जम्मा	दफा संख्या		जम्मा	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	सबैला नगरपालिका, धनुषा	२९	५३	२८२७२९	०	०	०	२९	५३	२८२७२९	४६७७	३२८९३	१८०३६२	०	०	२१३२५५	१६७९	६३११७	६४७९६

अनुसूची- ३

अद्यावधिक बेरुजू स्थिति
आर्थिक वर्ष २०७६/७७

(रु.हजारमा)

क्र.स	स्थानीय तह	गत बर्ष सम्मको बाँकी वेरुजु	समायोजन	गत वर्ष सम्मको यथार्थ बेरुजु	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की
१	सबैला नगरपालिका	१५५०८५	१४७१४०	३०२२२५	०	०	०	०	३०२२२५	२८२७२९	५८४९५४	१०५७२४